ehetaudasandesh.com
२५ औं वर्ष
हेटौंडा राष्ट्रिय दैनिक
# सन्देश
प्रदेश "क" वर्ग
Hetauda Sandesh Daily
वर्षः २५ ॥ अंकः ३२६ ॥ आइतबार ३ जेठ २०८३ ॥ प्रतिपदा ॥ ने.सं. ११४६ ॥ बछलागा ॥ Sunday 17 May 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/-

## अमेरिकामाथि नेपालको जित

सन्देश संवाददाता

काठमाडौं/ओपनर कुशल भुर्तेलको शतकमा आईसीसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत अमेरिकामाथि नेपालले ९ विकेटको जित निकालेको छ । अमेरिकाले दिएको १९६ रनको लक्ष्य नेपालले ३६ ओभर ४ बलमा एक विकेट मात्र गुमाएर पूरा गरेको हो ।

ओपनर कुशलले ११७ बलमा १२० रनको अविजित शतकीय इनिङ खेले । उनले १३ चौका र ४ छक्का प्रहार गरे । कुशल र आसिफ शेखले पहिलो विकेटका लागि १४५ रनको उत्कृष्ट साझेदारी गरेका थिए । आसिफ ७२ बलमा ५९ रन बनाएर आउट भए । इसान पाण्डे २९ बलमा १६ रन बनाएर नटआउट रहे । बलिङमा मोहम्मद मोहसिनले एक विकेट लिए ।

त्यसअघि त्रिवि क्रिकेट मैदानमा टस जितेर ब्याटिङ थालेको अमेरिका ४३ ओभर ३ बलमा १९५ रनमा अलआउट भएको थियो । अमेरिकाका लागि ओपनर स्मित पटेलले सर्वाधिक ८४ रन बनाए । उनले ८९ बलमा ८ चौका र ३ छक्का प्रहार गरे ।

स्मितले शेहान जयसुरियासँग दोस्रो विकेटका लागि शतकीय साझेदारी गरेका थिए । शेहान ५२ बलमा ५० रन बनाएर आउट भए ।

*बागमती प्रदेश*

## समितिले माग्यो निर्देशन कार्यान्वयनको विवरण



सुनिता विष्ट

हेटौंडा/बागमती प्रदेश सभाको शिक्षा, स्वास्थ्य तथा कृषि समितिले सम्बन्धित मन्त्रालय तथा मातहतका निकायलाई एक साताभित्र प्रगति विवरणसहित जवाफ पेश गर्न निर्देशन दिएको छ । शुक्रबार बसेको समितिको बैठकले यसअघि दिएका निर्देशन, सुझाव तथा निर्णयहरूको कार्यान्वयन अवस्थाबारे एक साताभित्र जवाफ पेश गर्न निर्देशन दिएको हो ।

बैठकले शिक्षा, स्वास्थ्य तथा कृषि क्षेत्रसँग सम्बन्धित विषयमा यसअघि भएका निर्णयहरूको कार्यान्वयन अवस्थाको समग्र समीक्षा गर्ने निर्णय गरेको समितिका सचिव प्रकाश चापागाईले जानकारी दिए। उनका अनुसार यसअघिका बैठकहरुमा सम्बन्धित मन्त्रालयहरुलाई दिइएको निर्देशनको कार्यान्वयनको जवाफ पेश गर्न भनिएको हो ।

समितिले यसअघि शिक्षा क्षेत्रतर्फ सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार, शिक्षक व्यवस्थापन, प्राविधिक शिक्षाको विस्तार तथा विद्यालय पूर्वाधार सुदृढीकरणसम्बन्धि निर्देशन दिएको थियो । यस्तै, स्वास्थ्य क्षेत्रतर्फ प्रदेश अस्पताल तथा आधारभूत अस्पतालको सेवा प्रभावकारी बनाउने, औषधि आपूर्ति सहज गर्ने, स्वास्थ्यकर्मीको अभाव पूर्ति गर्ने तथा स्वास्थ्य उपकरण सञ्चालनलाई व्यवस्थित बनाउने विषयमा निर्देशन दिइएको थियो ।

कृषि क्षेत्रतर्फ किसानलाई समयमै मल तथा बीउबिजन उपलब्ध गराउने, कृषि अनुदानलाई उत्पादनमुखी बनाउने, कृषि परियोजनाको प्रतिफल मूल्यांकन गर्ने तथा सिँचाइ र बजार व्यवस्थापन सुधार गर्न समितिले सम्बन्धित निकायलाई निर्देशन दिएको थियो ।

यस समितिको शुक्रबार बसेको ४५ औं बैठकले समितिबाट यसअघि भएका निर्देशन, सुझाव तथा निर्णयहरूको कार्यान्वयन अवस्थाको समग्र समीक्षा गर्ने निर्णय गरेको समितिका सचिव प्रकाश चापागाईले जानकारी गराए । उनका अनुसार सम्बन्धित मन्त्रालय तथा मातहतका निकायलाई समितिका निर्देशनहरूको कार्यान्वयनसम्बन्धि प्रगति विवरण आगामी सात दिनभित्र समिति समक्ष पेश गर्न निर्देशन दिएको उनले बताए । साथै निर्देशन कार्यान्वयनमा देखिएका बाधा, व्यवधान तथा समस्याहरुको स्पष्ट कारण, समाधानका उपायहरु र हालसम्म अपनाइएका प्रयासहरू समेत खुलाएर विवरण पेश गर्न भनिएको छ ।

त्यसैगरी सम्बन्धित मन्त्रालय र अन्तर्गतका निकायबाट सञ्चालन गरिएका प्रमुख आयोजना, परियोजना तथा कार्यक्रमहरूको अवस्था, लगानी रकम, सम्पन्न भए/नभएको वास्तविक स्थिति तथा प्राप्त प्रतिफलसम्बन्धि विस्तृत विवरण पनि सात दिनभित्र पेश गर्न समितिले तालुकदार कार्यालयहरुलाई निर्देशन दिएको चापागाईले जानकारी दिए ।

बैठकले आगामी जेठ ६, ७ र ८ गते सम्बन्धित मन्त्रालय र मातहतका कार्यालयहरुबाट सञ्चालित आयोजनाहरुको स्थलगत अनुगमन गर्ने तयारी गरेको छ । स्थलगत अनुगमनलाई प्रभावकारी, परिणाममुखी र तथ्यमा आधारित बनाउने निर्णय समेत गरेको छ । अनुगमनलाई वस्तुगत मूल्यांकन, उत्तरदायित्व र गुणस्तर सुनिश्चितता, सेवा प्रवाह सुधार, उपलब्धि मापन, दिगोपनाको परीक्षण, सुशासन अभिवृद्धि तथा पारदर्शिता प्रवर्द्धन हुने गरी सम्पन्न गर्न आवश्यक निर्देशन दिइएको छ ।

# उपमहानगरपालिकाले १० महिनामा ३० करोड राजस्व

सन्देश संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगरपालिकाले चालु आर्थिक वर्षको १० महिनामा ३० करोडभन्दा बढी राजस्व संकलन गरेको छ । आर्थिक वर्ष सकिन दुई महिना बाँकी रहँदा उपमहानगरपालिकाले लक्ष्यको ५८ प्रतिशत राजस्व संकलन गरेको जनाएको छ ।

उपमहानगरपालिकाले चालु आर्थिक वर्षमा ५२ करोड ७६ लाख ८० हजार रुपियाँ राजस्व स.कलन गर्ने लक्ष्य लिएकोमा साउनदेखि वैशाखसम्मको अवधिमा ३० करोड ७० लाख ५३ हजार ८०३ रुपियाँ राजस्व संकलन भएको प्रशासन महाशाखा प्रमुख उपनिर्देशक जगन्नाथ अर्यालले जानकारी दिए ।

उनका अनुसार एकीकृत सम्पत्ति करबाट सबैभन्दा बढी ६ करोड ९४ लाख ३४ हजार रुपियाँ संकलन भएको छ । त्यसैगरी घर बहाल करबाट ४ करोड ७१ लाख ५ हजार, पूर्वाधार सेवाको उपयोगमा लाग्ने करबाट ३ करोड २४ लाख



४९ हजार, अन्य बिक्रीबाट ३ करोड ७१ लाख ३९ हजार र बहाल-बिटौरी करबाट २ करोड ५० लाख ६९ हजार रुपियाँ संकलन भएको उपमहानगरले जनाएको छ ।

त्यस्तै सिफारिस दस्तुरबाट २ करोड ३८ लाख ५५ हजार, व्यवसाय करबाट २ करोड १७ लाख १४ हजार तथा नक्सापास दस्तुर बाट १ करोड ७६ लाख ८७ हजार रुपियाँ राजस्व उठेको उपमहानगरपालिकाले जनाएको छ । अन्य सेवा शुल्क तथा बिक्रीबाट ९२ लाख ५५ हजार, दहत्तर-बहत्तरबाट ४३ लाख ९४ हजार, प्रशासनिक दण्ड जरिवानाबाट ३८ लाख ४८ हजार, अन्य प्रशासनिक सेवा शुल्कबाट ३५ लाख ७२ हजार, विद्युत सेवा शुल्कबाट १९ लाख ६५ हजार, अन्य दस्तुर १४ लाख ८४ हजार, मनोरञ्जन करबाट १ लाख २० हजार र विज्ञापन करबाट २४ लाख ५५ हजार रुपियाँ संकलन भएको छ ।

त्यस्तै शिक्षा क्षेत्रको आम्दानी ५ लाख ७७ हजार, भूमिकर र मालपोतबाट ४ लाख ५६ हजार, सरकारी सम्पत्ति बहालबाट १ लाख ३६ हजार, न्यायिक दण्ड जरिवाना बाट ८६ हजार, व्यवसायबाट ६८ हजार, अन्य करबाट २७ हजार, व्यक्तिगत घटना दस्तुरबाट ८ हजार, न्यायिक दस्तुरबाट ६ हजार, परीक्षा शुल्क ४ हजार, निजी धाराबाट ३ हजार, नाता प्रमाणित दस्तुरबाट ३ हजार र साना सवारी करबाट १ हजार रुपियाँ राजस्व संकलन भएको उनले जानकारी दिए ।

उपमहानगरपालिकाले लक्ष्यअनुसार राजस्व संकलन नहुनुको कारण आर्थिक गतिविधि प्रभावित हुनु रहेको जनाएको छ । बाँकी अवधिमा लक्ष्यअनुसार राजस्व उठाउन नगर प्रहरी परिचालन गरी व्यवसाय दर्ता तथा कर तिर्न आग्रह गरिएको प्रशासन महाशाखा प्रमुख अर्यालले बताए ।

उनका अनुसार १९ वटै वडामा नगर प्रहरी परिचालन गरी करदातालाई समयमै कर तिर्न आग्रह गरिएको छ । कर तिर्न प्रोत्साहन गर्न माइकिङ, फोन तथा मोबाइल सन्देश पठाउने कार्य भइरहेको छ भने असल करदातालाई सम्मान तथा पुरस्कारको व्यवस्था गरिएको छ । राजस्व संकलन बढाउन सहज र सुलभ सेवा प्रवाहमा विशेष जोड दिइएको तथा नगर प्रमुखसहितको घरदैलो अभियान सञ्चालन गर्ने योजना रहेको उपमहानगरले जनाएको छ ।

## शान्तिटोल विकास संस्थाको अवलोकन

भीमसेन पौडेल

हेटौंडा/हेटौंडा–६ चौघडामा मा रहेको शान्तिटोल टोल विकास संस्थाको अवलोकन गरिएको छ। भरतपुर महानगरपालिका वडा नं ३ मा रहेको बेलचोक टोल विकास संस्थाले शान्तिटोल विकास संस्थाको स्थलगत अवलोकन गरेका हुन ।

टोल विकास संस्थाले गरेका विभिन्न कार्यहरुको अवलोकन गर्ने उद्वेश्यले अवलोकन भ्रमण गरिएको हो । सो अवसरमा शान्तिटोल टोल विकास संस्थाका अध्यक्ष केशव धिताल, सचिव प्रदिप ढुङ्गाना, कोषाध्यक्ष पूर्णभद्र चौलागाई लगायतकाले टोल विकास संस्थाले गरेका विभिन्न सामाजिक कार्यहरुको बारेमा जानकारी गराएका थिए ।

शान्तिटोल टोल विकास संस्थाले बचत तथा ऋणको कारोवार, श्रीमद्भागवत् सप्ताह ज्ञानमहायज्ञ सञ्चालन, घर नम्बरको ब्यवस्थापनलगायत भौतिक संरचना निर्माण, टोलमा रहेका ऐतिहासिक धार्मिक स्थलहरुको संरक्षण, मठमन्दिर निर्माण, सार्वजनिक जग्गाको ब्यवस्थापन, स्लाव ढलान, विद्युत, पानीको ब्यवस्थापन लगायतका सामाजिक कामहरु समेत गर्दै आएको छ ।

संस्थाले विद्युतीय माध्मबाट आर्थिक कारोवार गर्नुका साथै ज्येष्ठ नागरिकको लागि ज्येष्ठ नागरिक मिलन केन्द्रको भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको जनाएको छ । यसैगरी बेलचोक टोल विकास स्थाका अध्यक्ष कृष्ण लम्सालको नेतृत्वमा आएको भ्रमण दलमा कार्यसमितिका सदस्यहरुको सहभागिता रहेको थियो ।

भ्रमण टोलीले संस्थाको बिस्तृत अध्ययन अवलोकनका साथै टोल विकास संस्थाका सदस्यहरुबिच परिचय आदानप्रदानसमेत भएको थियो । शान्तिटोल टोविसको आफ्नै भवनसमेत रहेको छ भने यो संस्था उपमहानगरपालिकाभित्र रहेका टोविसहरुमध्ये उत्कृष्ट टोविस हो संस्थामा १ सय २० घरधुरी छन् ।

## किसानको पैसा किसानमै लगानी दुग्ध सहकारीलाई जेनेरेटर वितरण

हेटौंडा/दुग्ध उत्पादक किसानबाट संकलित रकमलाई पुनः किसानकै हितमा लगानी गर्ने नीति अन्तर्गत मकवानपुरको मनहरी गाउँपालिकाले मनहरी-३ स्थित नमुना कृषक बहुमुखी सहकारी संस्था लि. लाई साढे ७ लाख रुपैयाँ बराबरको ३० केभिए क्षमताको जेनेरेटर सहयोग गरेको छ ।

शनिबार आयोजित कार्यक्रममा गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले सहकारीका अध्यक्ष लालबहादुर थापालाई उक्त जेनेरेटर हस्तान्तरण गरेका हुन् । कार्यक्रममा वडा नम्बर ३ का अध्यक्ष अनन्त प्रकाश अर्याललगायत दुग्ध किसानहरूको उपस्थिति रहेको थियो ।

गाउँपालिका अध्यक्ष कालाखेतीले विद्युत अवरुद्ध हुँदा किसानबाट संकलित दूध चिस्यान केन्द्रमा सुरक्षित राख्नको लागि समस्या हुने भएकाले जेनेरेटर सहयोग गरिएको बताए ।

उनले किसानबाट दूध बिक्रीका आधारमा संकलित रकम पुनः किसानकै हितमा खर्च गर्ने नीति अनुसार सहयोग जेनेरेटर सहयोग गरिएको स्पष्ट पारे ।

मनहरी गाउँपालिकाले केही समयअघि दुग्ध किसानको भुक्तानी सुनिश्चित गर्दै सहकारीमार्फत् दूध खरिद-बिक्रीको व्यवस्थापन सुरु गरेको थियो । त्यसपछि किसानबाट प्रतिलिटर ५० पैसाका दरले रकम संकलन गरिँदै आएको छ । यसअघि जिल्ला सहकारी संघमार्फत् दूध कारोबार हुँदा प्रतिलिटर ३ रुपैयाँसम्म कमिशन लिइने गरिएकोमा अहिले खर्च घटेर ५० पैसामा सीमित भएको पालिकाले दावी गरेको छ ।

गाउँपालिकाले "कृषि उपज खाता" सञ्चालन गरेर दूध बिक्रीको आधारमा रकम संकलन गर्दै आएको छ । हालसम्म उक्त खातामा करिब २५ लाख रुपैयाँ संकलन भइसकेको जनाइएको छ ।

संकलित रकम दुग्ध किसान र सहकारीको पूर्वाधार विकासमा खर्च गर्ने लक्ष्य राखिएको पालिकाले जनाएको छ । मनहरीमा सहकारी मार्फत् दूध संकलन र नियमित भुक्तानी प्रणाली सुरु भएपछि सो क्षेत्रका दुग्ध किसानहरु निकै उत्साहित बनेको पालिकाले जनाएको छ । गाउँपालिकाले दुग्धजन्य उद्योगहरुसँग समन्वय गरेर किसानलाई प्रत्येक १५ दिनमा भुक्तानी सुनिश्चित गरेपछि किसानको विश्वास बढेको बताइएको छ ।

पछिल्लो समय यस्तो सहज व्यवस्थाको कारणले वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुसमेत पशुपालनतर्फ आकर्षित हुन थालेपछि मनहरीबाट प्रतिदिन करिब १५ हजार लिटर दूध उत्पादन हुने गरेको पालिकाले जनाएको छ ।

## गोरक्षेश्वरमा शनि जयन्ती मनाईयो




सन्देश संवाददाता

हेटौंडा/हेटौंडा-१० गोरक्षेश्वरमा रहेको शनि मन्दिरमा शनि जयन्तीको अवसरमा बिशेष कार्यक्रमका साथ मनाईएको छ ।

भगवान शनिदेवको जन्मदिन मनाउने दिन नै शनि जयन्ती हो, र शनि जयन्तीलाई शनि अमावस्या भनेर पनि चिनिन्छ.। शनिदेव सबै ग्रहहरूमा शासन गर्ने भगवान सूर्यका पुत्र हुन् । उत्तर भारतीय पूर्णिमा पात्रो अनुसार, शनि जयन्ती २०२६ ज्येष्ठ महिनाको अमावस्या तिथिमा मनाइन्छ ।

गोरक्षेश्वरको हुनमान मन्दिर परिसरमा रहेको शनि मन्दिर ब्यवस्थान समितिका अध्यक्ष महेन्द्र ईटेनीले शनि जयन्तीका दिन वा ज्येष्ठ अमावस्याको समयमा विवाहित महिला र अविवाहित केटीहरूले पनि ब्रत लिएर शनि भगवानको आस्था प्रकट गर्न मन्दिर आएको बताए।

उनले शनिका भक्तहरूले शनि जयन्तीमा शनि भगवानलाई प्रसन्न पार्न उपवाससमेत बस्ने गरेको र शनिदेवको आशीर्वाद प्राप्त भएको जानकारी गराए।

ब्यवस्थापन समितिका कोषाध्यक्ष गोपीप्रसाद न्यौपानेले भने 'शनिदेव न्यायका देवता पनि हुन जसले आफ्ना भक्तहरूलाई संधैं निष्पक्ष न्याय गर्नुहुन्छ, यदि भक्तहरू लाई शनिदेवको आशीर्वाद प्राप्त भयो भने उनीहरूले सौभाग्य प्राप्त गर्नेछन् ।'


कार्यक्रममा सहभागि हेटौंडा स्कूल अफ म्यानेजमेण्टका प्रमुख पुरनबहादुर जोशीले भने 'हाम्रा यि संस्कारहरू गर्नुको कारण शनि दोषको प्रभावलाई कम गर्नु हो, जसको अर्थ यदि कोही आफ्नो कुण्डलीमा यो अवस्थाबाट गुज्रिरहेको छ भने साढे सती हो ।'

कार्यक्रमकै अवसरमा हुनमान तथा शनिदेव मन्दिरको भौतिक बिकासका लागि राष्ट्रसेवक कर्मचारी सञ्जयकुमार ठाकुरले ११ हजार १११ रुपैयाँ मन्दिरका अध्यक्ष ईटेनीलाई हस्तान्तरण गरेका थिए ।

## अनलाइनमार्फत् घरमै नक्सा

**भोजपुर/ प्रविधिको तीव्र विकाससाँगै अब घरमै बसेर जग्गाको नक्सा प्राप्त गर्न सकिने व्यवस्थाले भोजपुरका नागरिकलाई सहज भएको छ । नापी विभागअन्तर्गतका नापी कार्यालयले ..**

*बाकी ४ पेजमा*






**उखान:** बाँदरको पुच्छर लौरो न हतियार ।

॥ ॥ बेलाको बोली ॥ ॥

मानिसलाई बाँच्नका निम्ती एक चिम्टी बल, आधार र प्रेम चाहिन्छ ।

*- भानुभक्त आचार्य*

हेटौंडा सन्देश

## सम्पादकीय

# आगामी बजेटको दिशा

*नेपाल सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । हरेक आर्थिक वर्षको बजेट सिद्धान्त तथा मार्गदर्शक दस्तावेजका रुपमा नीति तथा कार्यक्रम ल्याउने गरिन्छ । यसको मुख्य उद्देश्य सरकारको आगामी कार्यदिशा स्पष्ट पार्नु हो । नीति तथा कार्यक्रममार्फत सरकारले कुन क्षेत्रलाई प्राथमिकता दिने, कस्ता योजनाहरु सञ्चालन गर्ने र विकासको आधार कस्तो बनाउने भन्ने खाका प्रस्तुत गर्छ । यसले बजेट निर्माणका लागि वैचारिक तथा राजनीतिक आधार तयार पार्दछ, जसका आधारमा अर्थ मन्त्रालयले स्रोत र साधनको बाँडफाँड गर्दछ । यसरी नीतिले लक्ष्य तय गर्ने र बजेटले त्यसलाई कार्यान्वयन गर्ने कार्यक्रम बनाउने भएकाले यी दुईबीचको तादात्म्य मिलाउनु महत्वपूर्ण अभ्यास मानिन्छ ।*


*सरकारले सुशासनलाई नीति तथा कार्यक्रमको केन्द्रमा राख्न खोजेको देखिन्छ । डिजिटाइजेसनलाई सुशासन र अर्थतन्त्र दुबैको मेरुदण्डका रुपमा अघि सारेको छ । सुशासनका मुख्यतः दुई पक्ष हुन्छन् । पहिलो, भ्रष्टाचार हुन नदिनु वा बिगतका भ्रष्टाचारका घटनाको निष्पक्ष छानबिन गर्नु । दोस्रो, राज्यबाट प्रवाह हुने सेवासुविधा नागरिकले सहजरुपमा अनुभूति गर्ने गरी उपलब्ध गराउनु । नेपालमा लामो राजनीतिक आन्दोलनपछि नागरिकका धेरै अधिकार सुनिश्चित भएका छन् । भौतिक पूर्वाधार निर्माणमा पनि देशको स्रोतसाधनले भ्याएसम्म भएकै छ । तर, जनताले सबैभन्दा बढी प्रश्न उठाएको विषय सुशासन नै हो ।*

*वैचारिकरुपमा पूँजीवाद वा समाजवाद जे भनिए पनि नेपालको सन्दर्भमा आधारभूत वर्गको सहभागितासहित पूँजी वृद्धि गर्ने नीति नै उपयुक्त आर्थिक रुपान्तरणको आधार बन्न सक्छ । आधारभूत वर्गको रुपान्तरणको सार मध्यमवर्गको विस्तारमै निहित छ । त्यसैले सुशासनलाई केन्द्रमा राख्दै सामाजिक न्याय र समृद्धिलाई एकीकृतरुपमा अघि बढाउन सकियो भने यही नेपालको विकासको व्यावहारिक र दिगो बाटो बन्न सक्छ । चालु पञ्चवर्षीय योजना (२०८१-८५) ले पनि "सुशासन, सामाजिक न्याय र समृद्धि" लाई मूल नारा बनाएको छ । अब चुनौती नारा र दस्तावेजमा होइन, त्यसको इमानदार र प्रभावकारी कार्यान्वयनको पक्षमा खरो उत्रिनुको बिकल्प देखिदैन ।*

**मकवानपुरमा आज**

१: जानकारीमा नआएको

# म ताक्छु मुढो, बन्चरो ताक्छ घुँडो



**प्रा. डा. हरि शर्मा**

हाल नेपाली जनताले आफ्ना कैयौँ आधार - भूत आवश्यकताहरूको परिपूर्ति गर्ने आफ्ना प्रयासलाई थाती राखेर राज्यका गतिविधितर्फ नै आफ्नो राज्य-व्यवस्थाको निगरानी गरिरहेको आभाष हुन्छ । राज्यले पनि खबरदारी र चुनौती भन्दा बढी सराहनाका पुष्पहार पाइरहेको विषय चैते हावाझैँ चातुर्दिक फैलिएको प्रष्टै देखिन्छ । नेपाली जनता मूलतः स्वाभिमानी र परिश्रमी हुनुका साथै आत्म-सम्मानका साथ आफ्नो जीविका निर्वाह गर्न मन पराउने जातिका हुन्छन् त्यो भनिरहन नपर्ला । इतिहास नै त्यसको साक्षी छ ।

पछिल्ला दिनहरूमा जनताले देशमा आएको बहुप्रतीक्षित राजनीतिक परिवर्तनलाई आर्थिक समुन्नतिको सोपान खडा गर्ने सपना देखेका छन्, असल नेतृत्व र सुशासनबेगर जुन सार्थक हुन सक्ने तिलको गेडाजति पनि सम्भव हुँदैन । विद्यमान अवस्थामा हामीसँग ती दुवै छन् । देशको शासन संयन्त्रको पाङ्ग्रा पनि जनइच्छा सापेक्ष लेनमा गुडिरहेको अवस्थाले विश्व चकित छ । हाम्रा प्रधानमन्त्रीको राजनीतिक उभार र उनका कार्यशैलीलाई देखेर मित्रराष्ट्र भारतकै जनताले बालेन शाह त भारतमा प्रधानमन्त्री हुनुपर्ने आकांक्षा खुलेआम सञ्चारमाध्यमहरूबाट चर्को नाद उचालिरहेको देखिन्छ ।

विपक्षीहरूले नाना थरीका छिर्के छरेर उनको लोकप्रियतालाई लोपोन्मुख पार्ने असफल धृष्टता गरिरहेका छन् । विपक्षको बेञ्चमा बसेर पनि केहीले सरकारका जनहितमूलक कार्यहरूको जिकिर गर्दै प्रपञ्च साँध्नुको सट्टा प्रशंसाका अद्भुत पुलहरू बाँधिरहेको हामी प्रत्यक्ष सुनिरहेका छौँ, देखिरहेका छौँ ।

प्रम बालेन शाहले सत्ता सम्हालेपछिका सुरुवाती दिनहरूमा जनताको जिज्ञासा बढ्दै गएको अनुभव गरिन्थ्यो भने अहिले कथाको एउटा एपिसोड सकिएर अर्को एपिसोडको प्रारम्भ भएको बोध हुन्छ । देशकै इतिहासमा सबैभन्दा कान्छो उमेरमै मतदातालाई कुनै चर्को भाषण नगरी मोहित तुल्याएर आफ्नो दललाई दुईतिहाइको सान्निध्यमा पुऱ्याउँदै मुलुकका आमजनताको दीर्घ प्रतीक्षित कार्यहरू एकपछि अर्को गर्दै सम्पन्न गर्ने र देशको राजनीति, अर्थतन्त्र र सामाजिक व्यवस्थामा समेत सकारात्मक परिवर्तनको अनुभूति गर्न मद्दत गर्दै प्रमले देशभित्र र बाहिर पनि सबैलाई नेतृत्वले चाहे हुँदो रहेछ त भन्ने विश्वासलाई अझै बलियो बनाउँदै लगिरहेको हामी सबैले देखिरहेका छौँ ।

सन् १८१६ को सुगौली सन्धिमा अंग्रेजहरूले हामीबाट खोसेर लगेको हाम्रो लिपुलेक, लिम्पियाधुरा र कालापानी भू-भाग हाम्रै हो भन्ने प्रमाण तेर्स्याएर भारतलाई कूटनीतिक नोट पठाउने आँट पनि प्रम बालेनले गरेका छन् र त्यसमा उनले अडान लिएर देशभक्त नेपालीहरूको शिर ठाडो पार्ने काम गरेका छन् । काठमाडौँ उपत्यकाभित्र कीर्तिपुरमा रहेको देशको सबैभन्दा पुरानो उच्च शिक्षाको केन्द्र त्रिभुवन विश्व विद्यालयको २४ सय रोपनी जग्गा भू-माफिया-हरूद्वारा गायब पारिएको सत्य तथ्य बाहिरिएपछि (त्रिताल आयोगको प्रतिवेदन) प्रम बालेनले आफ्नो ध्यान त्यता पनि पुऱ्याएका छन् । यस्ता अनेक फाइलहरू अहिले सरकारका टेबुलमा निर्णयार्थ र आवश्यक कार्यार्थ पुगेको हामीले बुझेका छौँ । देशमा सुशासन स्थापना गर्न सरकारका अन्य अंगहरूभन्दा न्यायपालिकाकै महत्वपूर्ण भूमिका रहने जगजाहेरै छ । सुशासनमा कार्यपालिका र व्यवस्थापिका कार्यकारी हुन् । कहीँकतै केही अड्चन देखिएमा कार्यपालिकाले व्यवस्थापिकाको समन्वयमा विधि नै अपनाएर अड्चन हटाउनुपर्ने हुन्छ ।

वर्तमान सरकारका अगाडि चुनौतीहरूको चाङ छ । संविधान उही पुरानै हो– संविधानका दफाहरूले सरकारलाई स्वच्छन्द भावले काम गर्न दिँदैन, तसर्थ संविधान परिषद्को आवश्यकता परेको हो र आवश्यकता परेको हो अध्यादेशको व्यवस्था र राष्ट्रपतिको लालमोहरको । कुनै पनि देशका सार्वभौमसत्ता सम्पन्न नागरिकले राजनीतिबाट विमुख भएर बस्नु भनेको मूर्खहरूलाई शासन चलाउन दिनु भनेको हुन्छ । यो कुरा इपू चौथो शताब्दीका महान् दार्शनिक प्लेटोले भनिसकेका थिए ।

हामीले थाहा पाएअनुसार प्रम बालेनले सम्पूर्ण सरकारी कार्यालयहरूमा राष्ट्रनिर्माता श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहको फोटो राखिनुपर्ने निर्देश गरेका थिए, त्यो कतिसम्म कार्यान्वयन भयो त्यो जनतालाई थाहा भएन, किनभने सिंहदरबार प्रवेशमा कडाइ जो छ, यस विषयलाई पनि कुनै माध्यमबाट सार्वजनिक गरि दिए हुन्थ्यो । कुनै पनि नेपाली नागरिकले अवैध ढंगबाट आर्जन गरेको धन यदि कुनै विदेशी बैंकमा राखेको सरकारले जानकारी पाएमा त्यसको समुचित छानबिन गरी राष्ट्रियकरण गरिने पनि सुनिएको थियो र स्वतन्त्र पत्रकार टंक दाहालद्वारा सामाजिक सञ्जाल र युट्युबबाट प्रेषित सूचना अनुसार त्यसको तथ्यगत विवरण पनि सरकारको जानकारीमा आएकै होला । त्यसबारे के हुँदैछ, त्यो भने प्रकाशमा आएको छैन । केही भयो भने अहिले नै हुने हो, पछि यस्ता विषयहरू झिना-मसिनामा रुपान्तरित हुँदै जाने निश्चित छ । सरकारले त्यता पनि ध्यान दिन जरुरी होला ।

बालेन सरकारको कार्यकालमा कुनै-कुनै काम (जस्तैः यातायात विभागको) दिनमा हुने, छिनमै पनि भएका दृष्टान्तहरू जनसमक्ष आइसकेका छन् । यो खुसीको कुरा हो । अर्को खुसीको कुरा, सरकारले कैलालीको गेटामा अवस्थित नेपालको पहिलो स्वास्थ्य विज्ञान विश्वविद्यालय दशरथचन्द चिकित्सा विज्ञान विश्वविद्यालय सञ्चालन गर्न बजेट र छात्रवृत्ति विनियोजन गरेको सुनिएको छ । त्यस विश्व-विद्यालयमा नयाँ सत्रदेखि एमबिबिएसलगायत नर्सिङ बिएस्सी र एमएलटी एण्ड बी ओप्ट्रोमेट्री (आँखासम्बन्धी) पढाइ हुने भएको छ । विषय तन्काउँदै जाँदा धनगढीका मेयर गोपाल हमालको नाम लिनैपर्छ, आफ्नो पालिकाभित्रका जेहेन्दार विद्यार्थीलाई उनीहरूको शिक्षोपार्जनमा हरसम्भव प्रकारले सहयोग पुऱ्याउने सत्कार्य हुँदै आइ-रहेको विषय स्तुत्य छ । सरकारका तर्फबाट उहाँका प्रयासहरूमा सहयोग र समन्वय हुन सके सुनमा सुगन्ध भएबराबर हुन्थ्यो । भारतको युपी प्रान्तका मुख्यमन्त्री योगी आदित्यनाथको संयोजनमा गोरखपुरमा गोर्खा संग्रहालयको स्थापना हामी सम्पूर्ण नेपालीहरूका लागि गौरवको विषय मान्न सकिन्छ । विषादपूर्ण पाटो त अर्को छ । आणविक हात-हतियार सञ्चयमा आस्था राख्ने विश्वका हाम्रा समकक्षी मित्रराष्ट्रहरूको दम्भ, आत्ममुग्ध र दर्पी (अभिमानले भरिएका) स्वभाव/प्रवृत्तिले मानवता अकल्पनीय चुनौतीहरू बाट ग्रस्त छ । हर्मुजबाट गुज्रिरहेका भारतीय जहाजहरूमाथिको आक्रमण निन्दनीय नभए के हो त ?

यस वर्ष वैश्विक वातावरण कैयौं देशहरूबीचको आपसी खिचातानी र मनोमा-लिन्यताले गर्दा त्यति परिष्कृत छैन, अन्तर्राष्ट्रिय हवाई यातायात पनि इन्धन अभावले गर्दा सुचारु हुन सकेका छैनन् तापनि नेपालमा पर्यटन अग्रगतिमा चलिरहेको छ । अभूतपूर्व संख्यामा अर्थात् ४ सय ९२ जना (इतिहासमै पहिलो चोटि) सगरमाथा आरोहीहरू विश्वको सर्वोच्च शिखरको आरोहणमा गएका छन् । सहयोगी सहितको गन्ती गर्दा लगभग १ हजार जनाले सगरमाथाको हिउँ छिचोल्ने देखिएको छ ।

आशा गरौँ, सबै सकुशल फर्कनेछन् । यो भीड बढ्नुको प्रमुख कारण चीन सरकारले यसपालि सगरमाथा आरोहण रोकेकोले पनि हो । बालेन सरकारका पालामा यस्तै चमत्कारिक गतिविधिहरू देखिइरहेका छन् । स्वदेशमा मात्रै होइन, मित्रराष्ट्र भारतमा झन् धेरै हाम्रा प्रम बालेन शाहप्रतिको क्रेज भारतको हालै सम्पन्न आमनिर्वाचनमा समेत देखियो । बालेन शैलीमा प्रस्तुत हुनुभएका थलपति तामिलनाडुका मुख्यमन्त्री चुनिनुभएको छ । थलपति यसअघि चलचित्रकर्मी थिए । तामिलनाडुमा मात्रै होइन, अत्य राज्यहरू जस्तै आसाम, केराला (पाण्डि चेरी) मा युवा नेताहरू देखा परे । तामिलनाडुमा २५-३० वर्ष उमेरका सातजना विधायक चुनिए ।

समग्रमा हेर्दा बालेन क्रेज भारतीय राजनीतिक मञ्चमा पनि अभूतपूर्वरूपले तरंगित भएको छ । अबको समय युवाहरूको हो । शिल्प र सक्षमता युवाहरूमै निहित हुन्छ भन्ने युगीन तरंग विपरीत दिशामा कदाचित् बग्न सक्दैन । हाम्रा प्रम लट्ठी लिएर काठमाडौँ महानगर पालिकाका मेयर बन्दा उनको चस्माले बजार तताएको थियो । अहिले उहाँको हाउभाउले युवाहरूको मन जितेको देखिन्छ । युवाहरूमा देशका लागि केही गरौँ भन्ने भावना छ । तर, थरीथरीका मत-मतान्तर र आस्थामा विभाजित स्थानीय माहोल, स्रोतसाधन र उत्प्रेरणाको अभावका कारणले गर्दा युवाहरूका मस्तिष्कमा पनि अन्यौलता र किंकर्तव्यविमूढता हावी रहेको अवस्था हाम्रो समाजमा अद्यापि कायमै छ । हामी सुध्रे हाम्रो बासस्थान (ह्याबिटेट) सुध्रिन्छ, हाम्रो बासस्थान सुध्रे वरिपरिको पर्यावरण सुध्रिन्छ, पर्यावरण सुध्रे वनस्पति र नभचरहरूको बढ्दो बाहुल्यताले प्रकृति रमाउँछ, रमाएको प्रकृतिले मानिसलगायतका अन्य प्राणीहरूलाई सुस्वास्थ्य लिएर दीर्घायु बाँच्न सघाउँछ ।

विश्व स्वास्थ संगठनका अनुसार संसार भरि हुने कुल मृत्युको २४ प्रतिशत प्रतिकूल वा अस्वस्थ वातावरणसँग सम्बन्धित देखिन्छ । तसर्थ, हाम्रो पहिलो कर्तव्य वातावरणलाई स्वस्थकर बनाइराख्नु हो । सिंगापुर कुनै बेला झुपडपट्टीले भरिभराउ थियो । केही भारतीय मूलका मानिस त्यहाँ पुगेर पानीजहाज बनाउँथे । आर्थिक गतिविधि शून्यप्रायः थियो । ली क्वानको उदयपछि सिंगापुर को मुहार फेरियो । यो विश्वले राम्ररी बुझेको छ । उनले गरेका केही उल्लेख्य कामहरू यस प्रकार छन् । उनको पहिलो काम भ्रष्टाचार नियन्त्रणमा सर्वाधिक कठोर नीति, कडा कानुन लागू । दोस्रो, योग्यतामा आधारित प्रशासनिक प्रणाली । तेस्रो, विश्वस्तरीय शिक्षा पद्धति । चौथो, आवास क्रान्ति । आज सबै सिंगापुरवासीको आफ्नै आवास छ । पाँचौं स्थिर शासन, पारदर्शिता र उत्कृष्ट पूर्वाधार हरूले गर्दा विदेशी लगानीकर्ताको बढ्दो आकर्षण, बहु-राष्ट्रिय कम्पनीहरूको स्थापना, जसले गर्दा त्यहाँ रोजगारी र आर्थिक वृद्धिमा अभूतपूर्व प्रतिफल प्राप्त भएको छ ।

त्यहाँको बन्दरगाह र विमानस्थल विश्व व्यापारकै ट्रान्जिट हब बन्न सफल छन् । कानुनको पालना र अनुशासन त्यहाँका नागरिकको जीवनशैली बन्दै गएको छ । सिंगापुरलाई ली क्वान यूले आफ्नो देशभित्र बसोबास गर्ने, चिनियाँ, मलाय र भारतीयलगायत विभिन्न जातजातिका मानिसहरूबीच सन्तुलित नीतिको अवलम्बन गरेका छन् । सिंगापुरलाई हरित सहर र आधुनिकीकरण, राष्ट्रिय योजनाहरूको पूर्ण कार्यान्वयन भएको छ आदि । उनी सधैँ भन्ने गर्थे–अनुशासनबिना देश बन्दैन । उनले तत्कालको लोकप्रियताको सट्टा भविष्यका लागि कठोर तर प्रभावकारी निर्णय लिन सक्ने क्षमता भएको नेतृत्वको ज्वलन्त उदाहरणका रूपमा प्रस्तुत गर्दै सिंगापुर बनाए ।

कुनै पनि भगीरथ काम गर्दा चुनौतीका पहाडहरूले बाटो छेक्न खोज्छन् । समाजशास्त्रमा हामीले पढेकै हो । स्वार्थरहित सेवामा तगारा तेर्सिन सक्छन् तर समयको झट्काले ती तगाराहरू उछिनिनुपर्छ । बाटो प्रशस्त हुनैपर्छ, हुन्छ नै । त्यो संकल्प आत्मबलले सार्थक बनाउने हो । नबिराऊ नडराऊको सिद्धान्तमा टेकेर अघि बढ्दै जाँदा धर्तीले नै आमा बनेर हामीलाई प्रेरणा दिने हो । सत्पुरुष र देवगणले आफ्नो बासस्थान बनाएको हाम्रो मुलुक भोलि हाँस्छ नै । हामी सबै नेपाल हाँसेको देख्ने सपना साँचेर बसेका छौँ ।

साभार : कारोबार दैनिक

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | परिस्थिति अनुकूल रहे पनि धनमाल हराउने डरले सताउन सक्छ । प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । तर, आतिथ्य खर्चिलो बन्ने देखिन्छ । | बृष | समयमा सजग नबन्दा शुभचिन्तकहरू टाढिन सक्छन् । परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ । अरूलाई सुम्पनुपर्ने अवस्था आउन सक्छ |
| मिथुन | भौतिक सुविधाको सोखले खर्च आम्दानी बढ्नेछ । दिउँसोदेखि काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ला । | कर्कट | आफ्नाले समयमा सहयोग नगर्दा अवसर फुत्किएला । नजिकका साथीभाइसँग असमझदारी बढ्नेछ भने काम बिग्रने डरले सताइरहनेछ । |
| सिंह | पुरुषार्थले समाजमा स्थापित बनाउन सक्छ । रोकिएका काम बन्नाले मनग्गे लाभ हुनेछ । चुनौती पन्छाएर काम बनाउन सकिनेछ । | कन्या | भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ होला । व्यापारमा पनि मनग्गे धनलाभ हुनेछ । सेवामूलक कामबाट प्रतिष्ठा पाइनेछ । |
| तुला | प्रतिस्पर्धा, विवाद तथा मुद्दाहरूमा आफ्नो पक्ष बलियो रहनेछ । दिउँसोदेखि प्रियजनसँग रमाइलो भेटघाट अध्ययनमा उत्साह जगाउनेछ । | बृश्चिक | काममा मिहिनेतको फल प्राप्त हुनेछ । प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ । साथीभाइले राम्रै सहयोग जुटाउनेछन् । काम प्रारम्भ गर्ने समय छ । |
| धनु | हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुन सक्छ । बलजफ्ती गर्दा काम बिग्रन सक्छ । अरूले दाबी गर्न सक्छन् । | मकर | इच्छाशक्ति बढ्नुका साथै कीर्तिमानी कामको यश लिने अवसर प्राप्त हुनेछ । समय फुर्सदिलो देखिए पनि रचनात्मक कार्य शुभारम्भ गर्न सकिनेछ |
| कुम्भ | अनावश्यक साइनो गाँस्नेहरूसँग सावधान रहनुहोला । सहयोगीहरूले साथ दिन छाड्नेछन् भने प्रगतिमा ईर्ष्या गर्नेहरूले दुःख दिनेछन् । | मिन | वादविवादबाट टाढा रहनुहोला । बलजफ्ती गर्ने बानीले आफैंलाई अप्ठ्यारोमा पार्न सक्छ । ईर्ष्या गर्नेहरूबाट सजग रहनुपर्ला । |

**हाम्रो सम्पर्क ठेगाना**

हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# नीति तथा कार्यक्रमले खाजेको समृद्धि



**सोमनाथ सापकोटा**

नेपाल सरकारले संघीय संसदमा प्रस्तुत गरेको आर्थिक वर्ष २०८३-८४ को नीति तथा कार्यक्रममा गैरआवासीय नेपाली (एनआरएन) हरूलाई उच्च प्राथमिकताका साथ समेट्नु केबल एक औपचारिक नीतिगत घोषणा मात्र होइन, यो विश्वभर फैलिएको नेपाली समुदायको योगदान, क्षमता र सम्भावनालाई राष्ट्रिय विकासको मूल प्रवाहसँग जोड्ने दूरदर्शी राष्ट्रिय प्रतिबद्धता हो ।

गैरआवासीय नेपाली संघका दृष्टिकोणबाट हेर्दा यसले नेपाल र विश्वव्यापी नेपाली समुदायबीचको सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने महत्वपूर्ण आधार तयार गरेको छ । गैर आवासीय नेपालीहरूको भावना, योगदान र क्षमतालाई राष्ट्रिय विकासको मूल प्रवाहसँग जोड्ने सरकारको यो नीति वास्तवमै ऐतिहासिक, दूरदर्शी र स्वागतयोग्य छ । दशकौंदेखि विश्वका विभिन्न देशहरूमा नेपालीहरूले आफ्नो मेहनत, सीप, ज्ञान, उद्यमशीलता र नेतृत्वमार्फत विशिष्ट पहिचान निर्माण गर्दै आएका छन् । आज नेपालीहरू विश्वका प्रतिष्ठित विश्वविद्यालय, अनुसन्धान संस्था, बहुराष्ट्रिय कम्पनी, प्रविधि उद्योग, वित्तीय संस्था तथा उद्यम क्षेत्रमा नेतृत्वदायी भूमिकामा सक्रिय छन् । उनीहरूको अनुभव, ज्ञान, पुँजी तथा अन्तर्राष्ट्रिय पहुँच नेपालका लागि ठूलो रणनीतिक सम्पत्ति हो । त्यसैले राज्यले अब गैरआवासीय नेपालीहरूलाई केबल रेमिट्यान्सको स्रोतको रूपमा नभई 'ग्लोबल नेपाली क्यापिटल' को रूपमा हेर्न थालेको संकेत नीति तथा कार्यक्रममा स्पष्ट देखिन्छ । विशेषगरी 'डायस्पोरा विज्ञ सञ्जाल' तथा 'ज्ञान बैंक' स्थापना गर्ने घोषणा अत्यन्त स्वागतयोग्य र समयानुकूल पहल हो ।

आजको विश्वव्यापी प्रतिस्पर्धाको युगमा राष्ट्रको विकास केबल प्राकृतिक स्रोत वा परम्परागत आर्थिक संरचनाले मात्र सम्भव हुँदैन । ज्ञान, नवप्रवर्तन, प्रविधि, अनुसन्धान र अन्तर्राष्ट्रिय नेटवर्क नै आधुनिक विकासका मुख्य आधार बनेका छन् । यस्तो अवस्थामा विश्वभर रहेका नेपाली विज्ञ, वैज्ञानिक, प्राविधिक, अनुसन्धानकर्ता तथा उद्यमीहरूको ज्ञान र अनुभवलाई नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणसँग जोड्ने सरकारको प्रयास अत्यन्त महत्वपूर्ण छ । गैर आवासीय नेपालीहरूको लगानीलाई सुरक्षित, पारदर्शी र सहज बनाउने तथा प्रतिफल फिर्ता प्रणाली सुनिश्चित गर्ने सरकारी प्रतिबद्धताले प्रवासी नेपालीहरूलाई नेपालमा लगानी विस्तार गर्न थप प्रेरित गरेको छ ।

नेपालमा आर्थिक रूपान्तरणका लागि अहिले जलविद्युत्, पर्यटन, सूचना प्रविधि, कृषि व्यवसाय, डिजिटल अर्थतन्त्र, हरित ऊर्जा, स्वास्थ्य, शिक्षा, स्टार्टअप तथा नवप्रवर्तनजस्ता क्षेत्रमा विशाल सम्भावना रहेका छन् । यी क्षेत्रमा विश्वव्यापी अनुभव र अन्तरराष्ट्रिय पहुँच भएका गैरआवासीय नेपालीहरूको भूमिका निर्णायक हुन सक्छ । उनीहरूले नेपालमा केबल पूँजी मात्र होइन, प्रविधि, व्यवस्थापन क्षमता, बजार पहुँच र नवप्रवर्तन संस्कृतिसमेत भित्र्याउन सक्छन् । यदि स्पष्ट नीति, स्थिर कानुनी संरचना, लगानी सुरक्षा, पारदर्शी प्रशासन र एकद्वार प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकियो भने नेपाल विदेशी तथा गैरआवासीय नेपाली लगानीका लागि आकर्षक गन्तव्य बन्न सक्छ ।

नीति तथा कार्यक्रममा उल्लेख गरिएका पूँजी बजार सुधार, धितोपत्र नियमन, नेप्से तथा क्लियरिङ प्रणालीको पुनःसंरचना, संस्थागत लगानी विस्तार, पूर्वाधार बन्ड, ऋण तथा बन्ड बजार विकास तथा जोखिम व्यवस्थापन प्रणाली सुदृढीकरणजस्ता कार्यक्रमहरूले नेपालको आर्थिक प्रणालीलाई आधुनिक र विश्वसनीय बनाउने अपेक्षा गरिएको छ । विशेषगरी गैरआवासीय नेपाली लगानीलाई सुरक्षित, पारदर्शी र सहज बनाउने तथा लगानीको प्रतिफल फिर्ता सुनिश्चित गर्ने प्रतिबद्धताले प्रवासी नेपाली लगानीकर्ताहरूमा नयाँ विश्वास पैदा गर्नेछ ।

गैरआवासीय नेपालीहरूको नागरिकता, वित्तीय पहुँच, सामाजिक सुरक्षा, लगानी सुरक्षा तथा लोकतान्त्रिक अधिकारसँग सम्बन्धित विषयहरू पनि दीर्घकालीन रूपमा अत्यन्त महत्वपूर्ण छन् । 'एकपटकको नेपाली, सधैँको नेपाली' भन्ने भावनालाई व्यावहारिक रूपमा कार्यान्वयन गर्दै भावी पुस्तासँग नेपालको सम्बन्धलाई संस्थागत रूपमा मजबुत बनाउनु आवश्यक छ । यसले विश्वभर रहेका नेपाली समुदायमा मातृभूमिप्रतिको भावनात्मक, सांस्कृतिक तथा आर्थिक सम्बन्धलाई अझ सुदृढ बनाउनेछ । गैरआवासीय नेपाली संघले बिगतदेखि नै नेपाल सरकारसँग सहकार्य गर्दै गैरआवासीय नेपालीहरूको लगानी प्रवर्द्धन, विपद् व्यवस्थापन, शिक्षा, स्वास्थ्य, पर्यटन, प्रविधि हस्तान्तरण तथा सामाजिक रूपान्तरणका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । आगामी दिनमा पनि गैरआवासीय नेपाली संघ विश्वभर रहेका नेपालीहरूको ज्ञान, पुँजी, सीप तथा अन्तर्राष्ट्रिय नेटवर्कलाई नेपालको विकास यात्रासँग जोड्न अझ सक्रिय, परिणाममुखी र रणनीतिकरूपमा अघि बढ्नेछ ।

सरकार, निजी क्षेत्र तथा विश्वव्यापी नेपाली सञ्जालबीच सेतुको भूमिका निर्वाह गर्दै आर्थिक कूटनीति, अन्तरराष्ट्रिय लगानी सम्मेलन, ज्ञान हस्तान्तरण तथा नेपाल ब्रान्डिङमा यस संघको भूमिका अझ महत्वपूर्ण बन्नेछ । आज आवश्यकता केवल लगानी भित्र्याउने मात्र होइन, विश्वभर फैलिएको नेपाली क्षमताको राष्ट्रिय पुनः संयोजन गर्ने हो । यदि सरकार, निजी क्षेत्र र गैरआवासीय नेपाली समुदायबीच विश्वास, सहकार्य, पारदर्शिता र नीतिगत स्थिरता कायम गर्न सकियो भने नेपालले आफ्नो विकास यात्रामा नयाँ अध्याय प्रारम्भ गर्न सक्छ । नेपाल सरकारले आव २०८३-८४ का लागि प्रस्तुत गरेको नीति तथा कार्यक्रमले पर्यटन र संस्कृतिलाई देशको आर्थिक रूपान्तरणको प्रमुख आधारका रूपमा अघि सारेको छ । यसले नेपालको प्राकृतिक सौन्दर्य, धार्मिक सम्पदा, सांस्कृतिक विविधता र ऐतिहासिक पहिचानलाई संरक्षण गर्दै अन्तरराष्ट्रियस्तरमा प्रवर्द्धन गर्ने स्पष्ट दृष्टिकोण प्रस्तुत गरेको छ । सरकारले 'भिजिट नेपाल २०८५' अभियानलाई प्राथमिकतामा राख्दै नेपाललाई विश्व पर्यटन बजारमा प्रतिस्पर्धी गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्य लिएको छ ।

हवाई पूर्वाधार विस्तार, अन्तरराष्ट्रिय विमानस्थलहरूको आधुनिकीकरण तथा प्रभावकारी सञ्चालनले पर्यटन आगमन वृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्नेछ । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय उडान विस्तार गर्ने नीति स्वागतयोग्य छ । डिजिटल भिसा प्रणाली, ई-गेट प्रविधि तथा अनलाइन अध्यागमन सेवाले पर्यटक अनुभवलाई सहज, छिटो र आधुनिक बनाउने छ । एकद्वार डिजिटल पर्यटन प्रणालीले सेवा प्रवाहलाई एकीकृत गर्दै नेपालको पर्यटन प्रणालीलाई प्रविधिमैत्री बनाउने छ । नेपाललाई विश्व आध्यात्मिक पर्यटनको केन्द्रका रूपमा विकास गर्न 'देवभूमि नेपाल' अभियान अत्यन्त महत्वपूर्ण छ । जस्ता धार्मिक गन्तव्यहरूको प्रवर्द्धनले धार्मिक पर्यटनलाई अन्तर्राष्ट्रियस्तरमा अझ सुदृढ बनाउनेछ । साथै, योग, ध्यान, आरोग्य र अवकाश पर्यटनको विस्तार ले नेपाललाई बहुआयामिक पर्यटन गन्तव्यका रूपमा स्थापित गर्नेछ ।

*साभार : अनलाइनखबर*

# आगामी बजेटका लागि स्वास्थ्य क्षेत्र सम्बन्धी नीतिगत तथा संरचनागत सुझाव



सरोज अधिकारी

नेपालको स्वास्थ्य प्रणाली सुधारका लागि आगामी बजेटले सबैभन्दा पहिले विखण्डित स्वास्थ्य बीमा, सामाजिक सुरक्षा तथा विपन्न उपचार कार्यक्रमलाई एकीकृत गर्दै "एकद्वार सामाजिक स्वास्थ्य सुरक्षा प्रणाली" निर्माण गर्नुपर्छ, जसले प्रशासनिक दोहोरोपन घटाई ठूलो जोखिम साझेदारी (risk pooling) मार्फत दीर्घकालीन वित्तीय स्थायित्व सुनिश्चित गर्न सक्छ । रोजगार, कर तथा सामाजिक सुरक्षा प्रणालीसँग आबद्ध योगदान आधारित वित्तीय व्यवस्था (financing model) मार्फत आन्तरिक राजस्व सृजना गर्दै स्वास्थ्य क्षेत्रमा दिगो स्रोत सुनिश्चित गर्न आवश्यक छ। साथै आयुर्वेद, आधुनिक चिकित्सा, बीमा तथा सामाजिक स्वास्थ्य सेवाहरूलाई एकीकृत "एकद्वार सेवा प्रवाह प्रणाली" (one door service delivery system) अन्तर्गत सञ्चालन गरी सेवा पहुँच, समन्वय र कार्यदक्षता (efficiency) बढाउनुपर्छ ।

उपचारमुखी प्रणालीभन्दा प्रतिरोधात्मक सार्वजनिक स्वास्थ्य (preventive public health) मा केन्द्रित हुँदै ए:२.५ प्रदूषण नियन्त्रण, डढेलो व्यवस्थापन, विद्यालय स्वास्थ्य कार्यक्रम, पोषण, खानेपानी, सरसफाई, विषादी नियन्त्रण तथा प्राथमिक स्वास्थ्य सेवा (primary health care) कार्यक्रमलाई स्थानीय तहमार्फत कडाइका साथ लागू गर्नुपर्छ, किनकि यस्ता प्रतिरोधात्मक हस्तक्षेप (preventive intervention) ले छिटो आर्थिक, सामाजिक तथा स्वास्थ्य लाभ दिन्छन् र दीर्घकालीन रूपमा राज्यको उपचार खर्च उल्लेखनीय रूपमा घटाउँछन् ।

नेपालमा स्वास्थ्य क्षेत्र सुधारको आवश्यकता अत्यन्त व्यापक भए पनि देशको सीमित आर्थिक क्षमता, न्यून राजस्व आधार, बढ्दो स्वास्थ्य सेवा खर्च तथा सीमित बजेट विनियोजन क्षमतालाई ध्यानमा राख्दै आगामी स्वास्थ्य बजेट अत्यन्त मितव्ययी, एकीकृत र दीर्घकालीन रूपमा दिगो हुन आवश्यक छ । हाल नेपालको स्वास्थ्य प्रणाली ठूलो मात्रामा नागरिकको प्रत्यक्ष व्यक्तिगत खर्च (out of pocket payment) मा आधारित रहेकाले धेरै परिवार उपचार खर्चकै कारण आर्थिक संकटमा पर्ने तथा विपन्नतामा धकेलिने अवस्था कायम छ । अर्कोतर्फ स्वास्थ्य बीमा, सामाजिक सुरक्षा, विपन्न उपचार, आयुर्वेद, स्थानीय तहका छुट्टाछुट्टै कार्यक्रम तथा अन्य टुक्रे संरचनाबीच समन्वय अभाव, प्रशासनिक दोहोरोपन तथा कमजोर जोखिम साझेदारी प्रणालीका कारण सीमित स्रोतको ठूलो हिस्सा प्रत्यक्ष सेवा सुधारभन्दा व्यवस्थापनमै खर्च भइरहेको देखिन्छ । यस्तो अवस्थामा नयाँ संरचना थप्दै जानेभन्दा विद्यमान प्रणालीलाई एकीकृत, समन्वित, उत्तरदायी तथा परिणाममुखी बनाउनु नै पहिलो प्राथमिकता हुनुपर्छ ।

त्यसैले आगामी स्वास्थ्य बजेटले प्रशासनिक दोहोरोपन घटाउने, एकीकृत सामाजिक स्वास्थ्य सुरक्षा प्रणाली विकास गर्ने, जोखिम साझेदारीको दायरा बढाउने, रोग लागेपछि उपचार गर्नेभन्दा रोग नै कम हुने वातावरण निर्माण गर्ने, तथा प्राथमिक र प्रतिरोधात्मक स्वास्थ्य सेवामा आधारित सार्वजनिक स्वास्थ्य प्रणाली सुदृढ गर्ने दिशामा केन्द्रित हुन आवश्यक छ। मेरा सुझावहरू बुँदागत रूपमा प्रस्तुत गरिएको छ:

१. नेपाल जस्तो न्यून स्रोत भएको मुलुकमा स्वास्थ्य क्षेत्रमा अहिलेको सबैभन्दा ठूलो समस्या "कार्यक्रमको विखण्डन" हो। स्वास्थ्य बीमा बोर्ड, सामाजिक सुरक्षा कोष, कर्मचारी उपचार प्रणाली, स्थानीय तहका छुट्टाछुट्टै सहायता कार्यक्रम, विपन्न नागरिक उपचार कोष, विभिन्न रोग केन्द्रित अनुदान तथा अन्य टुक्रे योजनाहरू अलग अलग ढंगले सञ्चालन हुँदा प्रशासनिक खर्च अत्यधिक बढेको छ। एउटै नागरिक विभिन्न संरचनामा दोहोरिने, फरक प्रक्रिया, फरक कार्ड, फरक सेवा प्याकेज र फरक भुक्तानी प्रणालीका कारण राज्यको स्रोत उपचारमा भन्दा व्यवस्थापनमा बढी खर्च भइरहेको अवस्था देखिन्छ । त्यसैले आगामी बजेटले "एकद्वार सामाजिक स्वास्थ्य सुरक्षा प्रणाली" निर्माणलाई मुख्य प्राथमिकता दिनुपर्छ ।

२. अहिलेको स्वास्थ्य बीमा प्रणालीमा सदस्य संख्या सीमित हुनु, नवीकरण दर घट्नु रस्वस्थ तथा उच्च आय समूहको सहभागिता न्यून हुनुका कारण "जोखिम साझेदारी" (risk pooling) कमजोर बनेको छ । बीमाको आधार सानो हुँदा दीर्घकालीन रूपमा सरकारको वित्तीय भार अझै बढ्ने निश्चित छ। त्यसैले आगामी बजेटले स्वास्थ्य बीमालाई स्वेच्छिक कार्यक्रमका रूपमा होइन, क्रमशः राष्ट्रिय सामाजिक स्वास्थ्य सुरक्षा प्रणालीको रूपमा विकास गर्ने स्पष्ट मार्गचित्र ल्याउनुपर्छ । रोजगार, कर प्रणाली, सामाजिक सुरक्षा तथा नागरिक दर्तासँग आबद्ध गरी योगदान आधारित व्यापक सहभागिता सुनिश्चित गर्नुपर्छ।

३. स्वास्थ्य क्षेत्रको वित्तीय संरचनामा अहिले "सेवा खरिदकर्ता" (purchaser), "सेवा प्रदायक" (provider) र "नियामक" (regulator) को भूमिका स्पष्ट छैन । मन्त्रालय आफैं नीति बनाउने, सेवा सञ्चालन गर्ने र कतिपय अवस्थामा खरिदकर्ता समेत बन्ने अवस्था देखिन्छ । यसले जवाफदेहिता कमजोर बनाएको छ । आगामी बजेटले सेवा खरिद, सेवा प्रवाह र नियमनलाई स्पष्ट रूपमा छुट्याउने संस्थागत सुधारको आधार तयार गर्नुपर्छ । स्वास्थ्य मन्त्रालय नीति तथा नियमनमा केन्द्रित हुने, सेवा प्रदायक संस्था सेवा गुणस्तरमा केन्द्रित हुने र छुट्टै संरचनाले रणनीतिक सेवा खरिद गर्ने प्रणाली विकास गर्नुपर्छ ।

४. नेपालमा स्वास्थ्य सेवा अझै पनि ठूलो मात्रामा प्रत्यक्ष व्यक्तिगत खर्च (out of pocket payment) मा आधारित छ । जसका कारण दीर्घरोग, आकस्मिक उपचार वा अस्पताल भर्ना हुँदा हजारौं परिवार आर्थिक संकटमा पर्ने गरेका छन् । यसलाई घटाउन स्वास्थ्य बजेटलाई केवल अस्पताल निर्माणमा केन्द्रित नगरी औषधि, आधारभूत सेवा, प्रयोगशाला, जनशक्ति र बीमा दाबी भुक्तानी सुदृढीकरणमा केन्द्रित गर्नुपर्छ । प्राथमिक स्वास्थ्य सेवा बलियो नभएसम्म तृतीय तह अस्पताल (tertiary hospital) केन्द्रित प्रणालीले दीर्घकालीन समाधान दिन सक्दैन ।

५. आयुर्वेद, परम्परागत चिकित्सा र आधुनिक चिकित्सा अहिले अलग अलग संरचनाबाट सञ्चालन भइरहेका छन् । यसले स्रोत, जनशक्ति, औषधि खरिद, प्रशासनिक संयन्त्र र सेवा प्रवाहमा दोहोरोपन सिर्जना गरेको छ ।

नेपाल जस्तो सीमित स्रोत भएको देशमा यी प्रणालीहरूलाई प्रतिस्पर्धी होइन, पूरक स्वास्थ्य प्रणालीका रूपमा विकास गर्नुपर्छ । त्यसैले आगामी बजेटले "एकीकृत राष्ट्रिय स्वास्थ्य सेवा प्रणाली" को अवधारणा अघि बढाउनुपर्छ, जहाँ आयुर्वेद र आधुनिक चिकित्सा एउटै स्वास्थ्य सुरक्षा ढाँचाभित्र सञ्चालन हुने व्यवस्था होस् ।


प्राथमिक तहमा प्रतिरोधात्मक उपचार (preventive care), जीवनशैली व्यवस्थापन (lifestyle management) र दीर्घरोग व्यवस्थापन (chronic disease management) मा आयुर्वेदको उपयोग तथा आकस्मिक, शल्यक्रिया तथा आपतकालीन सेवा (acute, surgical and emergency care) मा आधुनिक चिकित्साको समन्वित प्रयोग गर्न सकिन्छ ।

६. स्वास्थ्य सेवा खरिद अहिले मुख्यतः "सेवा अनुसार भुक्तानी" (fee for service) आधारित भएकाले अनावश्यक परीक्षण, असन्तुलित सेवा विस्तार तथा लागत वृद्धि हुने जोखिम देखिएको छ । आगामी बजेटले रणनीतिक सेवा खरिद (strategic purchasing) प्रणाली लागू गरी कुन सेवा कुन स्तरमा, कति लागतमा र कुन परिणामका आधारमा खरिद गर्ने भन्ने स्पष्ट मापदण्ड विकास गर्नुपर्छ । यसले सीमित स्रोतको प्रभावकारी उपयोग सुनिश्चित गर्न मद्दत गर्छ ।

७. स्वास्थ्य प्रणाली सुधार बिना डिजिटल एकीकरण सम्भव छैन । अहिले बीमा, अस्पताल, सामाजिक सुरक्षा, औषधि आपूर्ति र स्थानीय तहका तथ्यांक प्रणालीहरू छुट्टाछुट्टै छन् । आगामी बजेटले राष्ट्रिय स्तरको एकीकृत डिजिटल स्वास्थ्य संरचनाका रूपमा लिनुपर्छ ।

सामाजिक सञ्जाल

# 'डिजिटल लागुऔषध' बन्दै



नविन राई

आको युगमा इन्टरनेट र सामाजिक सञ्जाल विकल्प होइन, बाध्यता बनिसकेको छ। हामी यस्तो समयमा छौं जहाँ 'अनलाइन' हुनु भनेको जीवित हुनु र 'अफलाइन' हुनु भनेको संसारबाट विछोड हुनुजस्तै मान्न थालिएको छ। प्रविधिले संसारलाई सांघुरो मात्र बनाएको छैन, उसले ज्ञान, सूचना र मानवीय सम्पर्कका असंख्य ढोकाहरू पनि एकसाथ उघारेको छ । तर, यही प्रविधि, जब अपरिपक्व चेतनाको हातमा पुग्छ, तब वरदान भन्दा बढी अभिशापमा रूपान्तरण हुने खतरा बन्छ ।

विशेषत: १६ वर्षमुनिका बालबालिकाको जीवनमा सामाजिक सञ्जाल अब मनोरञ्जन वा सूचनाको माध्यम मात्र रहेन, यो एक किसिमको 'डिजिटल चक्रब्यूह' बन्दै गएको छ। जहाँ प्रवेश गर्न कुनै अवरोध छैन, तर सुरक्षितरूपमा बाहिर निस्कनु दिनदिनै कठिन हुँदै गएको छ। तथ्याक्तले नै बोलिरहेको छ–नेपालमा इन्टरनेट पहुँच ९१ प्रतिशत नाघिसकेको छ । तर, यही तथ्याङ्कभित्र लुकेको कटु यथार्थ झन् भयावह छ। करिब ७५ प्रतिशत बालबालिकालाई अनलाइन दुर्व्यवहारबाट कसरी जोगिने भन्ने आधारभूत चेतनासमेत छैन। यही अज्ञानताको अँध्यारो कुनामा लुकेर सामाजिक सञ्जालमा 'साइबर प्रिडेटर्स'हरू सक्रिय छन् । जो बालबालिकाको निर्दोषपनलाई आफ्नो हतियार बनाउँदै फकाउने, यौनजन्य सामग्री पठाउने, र नग्न तस्बिरका नाममा ब्ल्याकमेल गर्ने जघन्य गतिविधिमा संलग्न छन्। यो कुनै साधारण मनो–रञ्जनको प्रश्न होइन। यो त बाल मनोविज्ञानमाथि आक्रमण गर्ने अप–राधको सुनियोजित र भयावह जालो हो ।

सामाजिक सञ्जालमा अनियन्त्रित पहुँचले बालबालिकाको मानसिक, शारीरिक र नैतिक विकासमै गम्भीर संकट सिर्जना गरिरहेको छ। १६ वर्षभन्दा कम उमेर जीवनको त्यो संवेदनशील कालखण्ड हो, जब मस्तिष्क, भावना र व्यवहारिक संरचनाहरू निर्माणको प्रक्रियामा हुन्छन्। तर, यही उमेरमा सामाजिक सञ्जालले बांढ्ने 'लाइक' र 'कमेन्ट'ले मस्तिष्कमा क्षणिक सन्तुष्टि त दिन्छ, तर नि–रन्तर दोहोरिने यही उत्तेजनाले बालबालिकालाई क्रमशः 'डिजिटल लागुऔषध'को लतमा फसाइरहेको छ।

आजका बालबालिका खुला खेल मैदानभन्दा बन्द स्क्रिनमा बढी समय बिताइरहेका छन्। दौडने, लड्ने, हाँस्ने र सामाजिक सम्बन्ध गाँस्ने जीवनको प्रारम्भिक अभ्यास गर्नुपर्ने उमेरमा उनीहरू मोबाइलको सानो पर्दाभित्र कैद हुँदै गएका छन् । यही डिजिटल कैदले बालबालिकालाई साइबर बुलिङ, फिसिङ र विविध किसिमका अनलाइन दुर्व्यवहारको सजिलो सिकार बनाइरहेको छ।

अरूको सजावट गरिएको, बनावटी र अतिरञ्जित जीवन देखेर आफूलाई संधै अपूर्ण, कमजोर र पछि परेको ठान्ने मानसिकता बाल्यकालमै रोपिँदै गएको छ। निरन्तर तुलना गर्ने बानीले आत्मविश्वास क्षय गराउँदै बालबालिकालाई आत्मग्लानि र हीनताबोधको अंध्या–रोमा धकेलिरहेको छ । त्यसैले अब बहसको केन्द्र 'प्रतिबन्ध लगाउने कि नलगाउने' भन्ने सतही प्रश्नमा सीमित हुनु हुँदैन । मूल प्रश्न बालबालिकाको भविष्य सुरक्षित गर्न सामाजिक सञ्जालमा कसरी, कति र कत्तिको कडाइका साथ नियन्त्रण र प्रतिबन्ध लागू गर्ने भन्नेमा केन्द्रित हुनुपर्छ ।

कतिपयको तर्क छ– पूर्ण प्रतिबन्ध समाधान होइन । यो तर्क आंशिकरूपमा सही पनि देखिन सक्छ, किनकि भविष्यको कार्यक्षेत्र अनिवार्य रूपमा प्रविधिमैत्री हुँदै गएको छ। र, पूर्णरूपमा टाढा राख्दा बालबालिका प्राविधिक प्रतिस्पर्धामा पछि पर्न सक्ने सम्भावना रहन्छ। तर, बालबालिकाको सन्दर्भमा 'स्वतन्त्रता'को नाममा गरिने लापरबाही कुनै हालतमा स्वीकार्य हुन सक्दैन ।

हामी साना बच्चालाई सडकमा एक्लै छोड्दैनौं, किनकि त्यहाँ दृष्य र अदृष्य दुवै खतराहरु हुन्छन्। ठीक त्यस्तै, मानसिकरूपमा अझै अपरिपक्व बालबालिकालाई डिजिटल दुनियाँको असीमित, असुरक्षित र नाफामुखी जालमा नि:सक्तोच छोडिदिनु पनि केवल लापरबाही मात्र होइन, एक प्रकारको सामाजिक अप–राधकै श्रेणीमा पर्छ ।

बालबालिकाको सामाजिक सञ्जाल प्रयोगको प्रश्न केवल विकासोन्मुख मुलुकको चिन्ता होइन भन्ने कुरा विकसित राष्ट्रहरूको अभ्यासले नै स्पष्ट पारिसकेको छ। त्यस्ता मुलुकहरूमा उमेर सीमा, समय सीमा र कडा अभिभावकीय तथा संस्थागत निगरानीलाई अनिवार्य बनाइएको छ।

कतिपय राष्ट्रहरूले विद्यालय समयमै मोबाइल फोन प्रयोगमा स्पष्ट र कडा प्रतिबन्ध लगाएर बालबालिकालाई डिजिटल विचलनको दलदलबाट जोगाउने नीतिगत साहस देखाइसकेका छन्। अस्ट्रेलिया, स्पेन, मलेसिया, फ्रान्स, नर्वे, डेनमार्क र ग्रिसजस्ता देशहरूले १६ वर्षमुनिका बालबालिकालाई सामाजिक सञ्जालबाट टाढा राख्ने कानुनी व्यवस्था लागू गरेको छ। यसले एउटा गहिरो यथार्थ उजागर गर्छ– यो समस्या कुनै एक पारिवारिक लापरबाहीको परिणाम होइन, बालबालिकाको भविष्यसंग गाँसिएको गम्भीर वैश्विक चिन्ताको विषय हो ।

सामाजिक सञ्जालमा फैलिएका चम्किला, 'फिल्टर' गरिएका र बनावटी तस्बिरहरूले बालबालिकाको यथार्थबोध नै विकृत बनाइरहेका छन्। देखावटी सफलतासंग आफ्नो सामान्य जीवन तुलना गर्न बाध्य हुँदा उनीहरूभित्र क्रमशः हीनताबोध पलाउंछ। आफ्नै शरीर, स्वरूप र पहिचानप्रति असन्तुष्टि बढ्नु यसको सबैभन्दा खतरनाक मनोवैज्ञानिक परि–णाम हो, जसले आत्मसम्मान मात्र होइन, मानसिक स्वास्थ्यसमेत तहस नहस बनाइरहेको छ ।

बालबालिकालाई मोबाइल थमाएर 'शान्त' राख्ने हाम्रो असावधान बानीले उनीहरूलाई भीडभित्रै एक्लो बनाइरहेको छ । बच्चामै सामाजिक सञ्जालको असीमित स्वतन्त्रता दिनु भनेको लाइसेन्सबिनाको बालकलाई भिडभाडयुक्त राजमार्गमा गाडी चलाउन सुम्पिनुसरह हो, जहाँ दुर्घटना केवल सम्भावना होइन, निश्चितता हुन्छ ।'

हामी आफ्ना छोराछोरीलाई सडकमा अपरिचितसंग सजिलै घुल–मिल गर्न दिंदैनौं । तर, मोबाइलको सानो पर्दाभित्र लुकेका हजारौं अप–रिचितहरूसंग उनीहरूलाई एक्लै छोड्दा किन निश्चिन्त हुन्छौं ? डिजिटल संसार सुरक्षित छ भन्ने भ्रम नै आजको सबैभन्दा ठूलो धोका बनेको छ ।

अब जिम्मेवारीबाट पन्छिने समय सकिएको छ। राज्य, विद्यालय र अभिभावक तीनै पक्षले आ–आफ्नो भूमिका गम्भीरतापूर्वक निर्वाह गर्नैपर्छ। विद्यालयमा मोबाइल–मुक्त वातावरण, घरमा स्पष्ट समयसीमा र निगरानी तथा राज्यस्तरमा बालबालिकालाई लक्षित डिजिटल सामग्रीमा कडा नियमन अनिवार्य छ । सामाजिक सञ्जाल कम्पनी– हरूलाई बालबालिकाको ध्यान र मानसिकतामाथि मुनाफा कमाउने खुला छुट दिनु भनेको भावी पुस्तालाई बजारको बन्धक बनाउनु हो ।

बालबालिकालाई प्रविधिबाट पूर्णतः वञ्चित गर्नु समाधान होइन । तर उनीहरूलाई 'प्रविधिको मालिक बन्न सिकाउने, दास होइन' भन्ने चेतनाको विकास अत्यावश्यक छ । प्रतिबन्ध अस्थायी उपाय हुन सक्छ, तर सही संस्कार, डिजिटल साक्षरता र चेतना नै दीर्घकालीन समाधान हुन्।

# कामकाजी नेपाली महिलाका कठिनाईहरु

कल्पना नेपाली आचार्य




समय परिवर्तनशील छ । महिला, पुरुष र अन्य (एलजिबिटिक्यू) सबै बराबर भन्ने विश्वव्यापी विकासको लहरले कुनै पनि मुलुक अछुतो रहन सक्दैन। यसको प्रभाव नीति निर्माण तहदेखि प्रशासनिक, आर्थिक, सामाजिक हरेक क्षेत्रमा परेको छ तर महिला हक अधिकारका विषय कर्यान्वयनका तहमा पुग्न सकेको छैन ।

महिलालाई सृष्टिकी जननी, घरकी साक्षात लक्ष्मी, अन्यायको अन्त्यका लागि शत्रुको विनाश गरी न्याय स्थापित गर्र्ने शक्तिस्वरूपा काली, दुर्गा भवानीलगायत विविध उपमाले परिचित गराइन्छ । दुष्टहरूको संहार गर्नेका लागि पछि नपर्ने आफ्नो भयंकर रूप धारण गरी क्षणभरमा असत्यलाई पराजय गराउने साहसी, हिम्मतवाली शक्तिस्वरूपाको प्रतीक मानिन्छ। हरेक कठिन परिस्थितिसंग मुकाविला गर्दै आफ्नो परिवार, बालबच्चाको खुसीका लागि मरिमेट्ने ममताकी खानी भनिन्छ।

हिजो महिलालाई घर र परिवारको रेख देख गर्ने गृहलक्ष्मीको उपमा दिइन्थ्यो। हाल ती जिम्मेवारीसंगै प्रशासक, राजनीतिज्ञ, डाक्टर, कर्मचारीलगायत विविध पेसामा आ–आफ्ना थप जिम्मेवारी दिनका लागि सशक्तीकरण गरिँदै लगिएको छ । यस्तो उपमा पाएकी महिलाले जन्मपछि सारा जीवन अरूकै खुसीका लागि समर्पित गर्छिन् । सानै उमेर देखि तुलनात्मकरूपमा हाम्रो ग्रामीण भेगमा पढाइसंगै घरको सानातिना कामधन्दा सुरु हुन्छ ।

आजभोलि कामकाजी महिलाका लागि जिम्मेवारीको भारी निकै बोझिलो बन्दै गएको छ। विकासका हरेक क्रियाकलाप होस् वा प्रशासनिक, राजनीतिक, र सामाजिकलगायत क्षेत्रमा महिला र पुरुषका भूमिका बराबरी हुनु पर्दछ । अर्थपूर्ण सहभागिताका लागि समानता, समता, सशक्ती– करण र आरक्षणका माध्यमबाट पछिल्लो समय हरेक क्षेत्रमा महिलाहरू अग्रसर हुँदै आएको पाइन्छ। राष्ट्रपति, प्रधानन्यायाधीश, डाक्टर, इन्जिनियर पाइलट, प्रशासनिक पदलगायत हरेक क्षेत्रमा महिला सक्रिय रूपमा आफ्नो जिम्मेवारी निर्वाह गर्दै आएका छन्।

कामकाजी महिलालाई एकातिर कार्यालयको जिम्मेवारी र अर्कातिर घरको जिम्मेवारी पनि निर्वाह गर्नु परेको छ। सबैतिर दृष्टि दिनुपर्ने हुन्छ । बच्चा जन्माउनु हुर्काउनु, आफ्नो श्रीमानको ख्याल राख्नु, आफन्त तथा इष्टमित्रलाई रिजाउनु, घरव्यवहार समाल्नुलगायत जिम्मेवारी हुन्छन् । कहिलेकाहीं आफन्तहरूलाई फोन गर्न नभ्याएमा, बेलामौकामा बोलाएर नखुवाएमा, समय समयमा कोसेली बोकी भेट्न नगएमा 'फलानीले त कसैले नभएको जागिर खाएकी, कम्ता ठुली भएकी छे' भन्ने उपमासमेत मिल्छ। छोरा, छोरी, उमेर ढलेका सासूससुराको पालनपोषण गर्न 'केयर टेकर' बन्नुपर्ने भूमिका झनै महत्वपूर्ण हुन्छ । तर, घरेलु महिलाको दाँजोमा कामकाजी महिलाको भूमिका अझ बढी कठिन र व्यस्त बन्दै गएको छ ।

कामकाजी महिलाले बिहान सबेरै उठेर घरको सरसफाइ गर्नु, पूजाआजा गर्नु, चिया बनाउनु, छोराछोरीका लागि दिउंसोको खाजा बनाउनु, खाना पकाउनु, हतारहतार छोराछोरीलाई स्कुल पठाउनु पर्दछ। घरमा रहेका सासूससुराका लागि पनि दिउंसोको खाजाको बन्दोबस्त गरी सबैलाई खुवाएर आफू हतारमा एक गाँस टिपेर सकी नसकी भाँडा सफा गरी कार्यालय जानका लागि तयार हुनु पर्दछ । बिहान ८ बजे घरबाट निस्केर छोरा छोरीलाई विद्यालय छाडी १० बजे कार्यालय पुग्नु पर्छ । काठमाडौंको हकमा पाइलैपिच्छेको जामले बाटोभरि तनाव सुरु हुन्छ। हाजिर गर्न समयमा कार्यालय पुगिन्छ, पुगिंदैन भन्ने पिरालो मनमा रहिरहन्छ। हाजिर छुटेका दिन त दिनभरि मनमा आज समयमा पुगिएन पाँचै मिनेटले हाजिर छुट्यो भन्ने हुन्छ। कार्यालय समयमा पुगी हाजिर गर्न पाउंदा त्यो दिन युद्ध जितेकैं जस्तो खुसी मिल्छ। कार्यालयमा दिनभरि कर्तव्यनिष्ठ कर्मचारीले त एकछिन पनि फुर्सद पाउँदैनन्। 'हिंड्ने गोरुको पुच्छर निमठ्ने' भने झैं हुन्छ। कामचोर कर्मचारी संधै 'एक्स' सिद्धान्तबाट प्रेरित भएका हुन्छन्। हाकिमको अघिपछि गर्ने, 'एस मेन' बन्ने अनि सेवासुविधा र अवसर कुम्ल्याउने हुन्छन्।

दिनभरिको कार्यालयको व्यस्ततापछि बेलुका निस्कंदा बाटाभरि घरको कामको समय तालिका बन्छ। घरमा केके सामान सकिएको छ ? गर्नु पर्ने काम र जिम्मेवारीले बाटो हेरिरहेको हुन्छ। तरकारी, फलफूल, भान्छादेखि शौचालय सम्मका सामानहरू, बच्चाको लिटो, बाआमाको दिउँसोको खाजालगायत विभिन्न सामान किन्दै घर पुगिन्छ। कामबाट थाकेर घर आउंदा काममा सघाउने कोही हुँदैनन्। हाम्रो नेपाली समाजले यदाकदाबाहेक अझै पनि बुहारी, श्रीमतीको बाटो नै हेर्ने संस्कार हुन्छ । दिनभरको कामले थाकेको शरीरमा तनाव उत्पन्न हुन्छ तर पनि हतार हतार 'ड्रेस' फेरी भान्छामा बेलुकाको कर्ममा तल्लीन हुनु पर्दछ । संगैसंगै कार्यालयबाट घर पुगेका श्रीमान् 'फ्रेस' भएर हातमा रिमोट लिएर आराम गर्दै टीभी हेर्न थाल्छन् भने श्रीमती हतार हतार भान्छाको काममा व्यस्त हुन्छिन्। घरको धन्दा सक्दा बेलुकाको १० बज्छ । अनि बल्ल उनी आफ्ना लागि समय निकाल्छिन्। कति रहर, चाहना रुचि हुन्छन् । सामाजिक सञ्जाल, सिर्जनात्मकता, आफन्तसंगको फोनमा कुराकानी विचरा सुत्ने समय रातको ११ बज्छ। भोलि फेरि यही दिनाचर्या सुरु हुन्छ।

कामकाजी महिलाको दोहोरो भूमिकाले उनीहरूको जीवन जटिल र चुनौतीपूर्ण बनाएको छ। घरको काम पुरुषले गर्नु हुँदैन भन्ने पितृसत्तात्मक सोच अझै पनि मन, मस्तिष्कमा गडेर बसेको छ। जतिसुकै महिला पुरुष संगसंगै भने पनि व्यवहारमा पुरानै सोच, मान्यता र संस्कारको गन्ध मिसिएको छ । महिलाले आफ्नो रुचि, चाहना, पेसा, साहित्य, घरपरिवार इष्टमित्र सबैलाई मिलाएर लैजान चाहेर पनि सक्दिनन् । यसरी कामकाजी महिलाको एक तिहाइ जीवन चटारोमै बित्दछ। एक सर्वेक्षणका अनुसार २० देखि ४० वर्षसम्मका महिलालाई अत्यन्तै व्यस्त जीवनशैलीले स्वास्थ्यमा समस्या पर्ने देखिन्छ। आराम नहुँदा तनाव हुने, खुसी हराउने, मनो–सामाजिक समस्या उत्पन्न हुने पनि देखिएको छ।

यस कारण घरपरिवारले कामकाजी महिलालाई साथ सहयोग गर्नु जरुरी देखिन्छ । महिलालाई सम्मान गरी उनीहरूभित्र लुकेर रहेको प्रतिभालाई प्रस्फुटन गराउन सबैले बेलैमा ध्यान दिनु पर्दछ । महिला, पुरुष र अन्य बराबरी भन्ने विषयलाई व्यवहारमा उतार्नु जरुरी छ। सबै मिलेर घरको काम विभाजन गरौं । कामकाजी महिलाको जीवनलाई सहज बनाऔं। महिलाको तनावरहित जीवनका लागि सहयोग गरौं। 'हामी सबै बराबरी' भन्ने नारालाई सार्थक पारौं। यही नै समयको माग हो । यसका लागि आजैदेखि पितृसत्तात्मक सोचको अन्त्य गरौं।


(लेखक राष्ट्रिय मानव अधिकार आयोगमा कार्यरत हुनुहुन्छ।)







आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईंको मुल्यमा पाउनु हुनेछ। स्थान: रातोमाटे भोर्ले ।
सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७

*बागमती प्रदेश*

# पाँच अर्बभन्दा बढीको बेरूजु



सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेशको आर्थिक वर्ष २०८१-०८२ को बेरुजु रकम आव २०८०-०८१ को तुलनामा घटेको छ । महालेखा परीक्षकको कार्यालयले गरेको बागमती प्रदेशको प्रदेश मन्त्रालय तथा निकायको लेखापरीक्षण अनुसार यस प्रदेशको आव २०८०-०८१ को बेरुजु रकम ८५ करोड १७ लाख ८२ हजार रुपियाँ रहेकामा आर्थिक वर्ष २०८१-०८२ को बेरुजु रकम ६९ करोड ३७ लाख ९४ हजार रुपियाँमा झरेको छ ।

तर बजेटको प्रभावकारी कार्यान्वयनको अभाव, प्रदेशले आफैले बनाएको कानुन र सार्वजनिक खरिद ऐन विपरीत तथा रीत नपुऱ्याई खर्च गर्ने प्रदेशका मन्त्रालय र निकायको प्रवृत्तिले निरन्तरता पाउँदा यस प्रदेशको कूल बेरुजु रकम भने वर्षेनी बढ्दो छ।

महालेखा परीक्षकको कार्यालयले गरेको लेखापरीक्षणबाट हालसम्म कूल बेरुजु बढ्दै गएको तथ्याङ्क छ ।महालेखा परीक्षकको कार्यालयले शुक्रबार सार्वजनिक गरेको त्रिसट्ठीऔं प्रतिवेदनमा आर्थिक वर्ष २०८१-०८२ सम्ममा कुल बेरुजु रकम पाँच अर्ब २८ करोड छ लाख ९४ हजार रुपियाँ पुगेको उल्लेख छ ।

महालेखा परीक्षकको कार्यालयका अनुसार आव २०८०-०८१ सम्ममा कुल बेरुजु रकम चार अर्ब ८६ करोड ८९ लाख ६६ हजार रुपियाँ पुगेको थियो ।

आव २०८१-०८२ मा सम्परीक्षणपछि चार अर्ब ५८ करोड ६९ लाख रुपियाँ कूल बेरुजु रहेकोमा सोही आवमा ६९ करोड ३७ लाख ९४ हजार रुपियाँ थपिएर कूल बेरुजु रकम पाँच अर्ब २८ करोड छ लाख ९४ हजार रुपियाँ पुगेको हो ।

महालेखा परीक्षकको ६१ औं प्रतिवेदनसम्म बागमती प्रदेशको कुल बेरुजु रकम चार अर्ब २८ करोड पाँच लाख ६१ हजार रुपियाँ रहेकोमा आव २०८०-०८१ मा ८५ करोड १७ लाख ८२ हजार रुपियाँ थपिएको थियो । उता आव २०८१-०८२ मा सातै प्रदेशमा सबैभन्दा बढी बेरुजु मधेश प्रदेश ३.७७ हुँदा सबैभन्दा कम बागमती प्रदेशका ०.८३ प्रतिशत रहेको छ ।

आव २०८०-०८१ मा सबैभन्दा बढी बेरुजु मधेश प्रधेश २.१० हुँदा बागमती प्रदेशको ०.८९ प्रतिशत रहेको थियो । आव २०८०-०८१ मा भन्दा आव २०८१-०८२ मा बेरुजु रकम घटेपनि नियन्त्रणमा आउन सकेको छैन ।

वित्तीय अनुशासन कमजोर बन्दै गएकोले कूल बेरुजु रकम बढ्दै गएको हो ।गत आवमा यस प्रदेशमा कूल खर्च ४६ अर्ब ४० करोड ३३ लाख ११ हजार रुपियाँभएकोमा प्रदेश स्रोतबाट ७७.०६ प्रतिशत अर्थात् ३५ अर्ब ७५ करोड ८७ लाख १८ हजार रुपियाँ खर्चभएको महालेखाको प्रतिवेदनमा उल्लेख छ । आन्तरिक स्रोतबाट बेहोरिने खर्चमा सातै प्रदेशमध्ये बागमती प्रदेशको सबैभन्दा बढी रहेको छ ।आव २०८०-०८१ मा प्रदेश स्रोतबाट ७४.३२ प्रतिशत खर्च भएको तथ्याङ्क छ ।

गत आवमा यस प्रदेशको राजस्व प्राप्ति अनुमान ३४ अर्ब ५८ करोड १५ लाख ९९ हजार रुपियाँ गरिएकोमा अनुदानबाहेक राजस्व प्राप्ति ८२.३९ प्रतिशत अर्थात २८ अर्ब ४९ करोड एक लाख ७३ हजार रुपियाँ प्राप्त भएको प्रतिवेदनमा उल्लेख छ। यो अघिल्लो आवको भन्दा बढी हो । यस्तै बजेट र कार्यक्रम कार्यान्वयनमा प्रदेश सरकार कमजोर देखिएको छ। गत आवमा ६४ अर्ब ५४ करोड चार लाख ३१ हजार बजेट रहेकोमा ७१.९० प्रतिशत अर्थात ४६ अर्ब ४० करोड ३३ लाख १० हजार रुपियाँ खर्चभएको छ ।

प्रतिशतका आधारमा अघिल्लो आवको तुलनामा बढी हो। अघिल्लो आवमा ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार बजेटमा ७०.९८ प्रतिशत अर्थात् ४४अर्ब ५१ करोड रुपियाँ खर्च भएको थियो ।

## मकवानपुरको इन्द्रसरोवर ताल र मार्खु क्षेत्रमा सरसफाई



सन्देश संवाददाता

हेटौंडा/मकवानपुरको इन्द्रसरोवर गाउँपालिका वडा नम्बर -१ स्थित इन्द्रसरोवर ताल आसपास तथा मार्खु पर्यटकीय क्षेत्रमा सरसफाइ कार्यक्रम सम्पन्न गरिएको छ । विभिन्न सरकारी निकाय, सुरक्षा निकाय, स्थानीय संघसंस्था तथा कर्मचारीहरूको संयुक्त सहभागितामा कार्यक्रम सञ्चालन गरिएको हो ।

सरसफाइ कार्यक्रममा मत्स्य विकास केन्द्रका प्रमुख भिमदत्त भट्टसहित सम्पूर्ण कर्मचारी सहभागी भएका थिए । त्यसैगरी भैरव गण चनवनका सेनानी मिलनकुमार जोशी तथा सह-सेनानी फत्त नारायण श्रेष्ठको कमाण्डमा १५५ जनाको टोली परिचालन गरिएको थियो । यस्तै श्री नं। ३ राजदल गण क्युवेक ब्याट्री कुलेखानी का सह-सेनानी अर्जुन परियारको कमाण्डमा ३५ जनाको टोली खटिएको थियो भने शसस्त्र प्रहरी बल विपद् व्यवस्थापन बेस कुलेखानीका सशस्त्र प्रहरी निरीक्षक युवराज कार्कीको कमाण्डमा ३५ जनाको टोली सरसफाइमा सहभागी भएको थियो ।

कार्यक्रममा इन्द्रसरोवर गाउँपालिका वडा नम्बर-१ का कर्मचारी, नेपाल विद्युत प्राधिकरण अन्तर्गत प्रथम जलविद्युत आयोजना मार्खु शाखाका कर्मचारी, पालुङ वितरण केन्द्र फ्युज शाखा मार्खुका कर्मचारी, अस्थायी प्रहरी बिट मार्खुका इन्चार्ज प्रहरी सहायक निरीक्षक दिपेश यादव, इन्द्रसरोवर मत्स्य व्यवसायिक संघ तथा इन्द्रसरोवर डुंगा संघका पदाधिकारीहरू पनि सहभागी भएका थिए ।

त्यसैगरी मार्खुस्थित स्वास्थ्य चौकीका सम्पूर्ण कर्मचारीहरूको समेत सक्रिय सहभागिता रहेको कार्यक्रममा करिब ३०० जनाको उपस्थिति रहेको आयोजकले जनाएको छ। मत्स्य विकास केन्द्रका अनुसार यो कार्यक्रम केन्द्रको स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत नभईगत संघीय सरकारको सरसफाइ सप्ताह कार्यक्रमअन्तर्गत बजेटबिनै सञ्चालन गरिएको हो ।

पर्यटकीय क्षेत्रलाई स्वच्छ र आकर्षक बनाउने उद्देश्यसहित सञ्चालन गरिएको सरसफाइलाई निरन्तरता दिने निर्णयसमेत गरिएको छ। केन्द्रले आगामी दिनमा प्रत्येक शुक्रबार कार्यालय परिसर तथा इन्द्रसरोवर ताल परिसरमा नियमित सरसफाइ गतिविधि सञ्चालन गर्ने जनाएको छ ।

## बागमती सरकारले मन्त्रालय घटाउने भएपछि बजेट सिलिङ पठाउन ढिलाइ




सन्देश संवाददाता

हेटौडा/बागती प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी आर्थिक वर्ष ०८३/८४ का लागि बजेट प्रस्ताव पठाउनुपर्ने मिति गुज्रिसक्दा पनि मन्त्रालयहरूले आवश्यक सिलिङ प्राप्त गर्न सकेको छैन ।

प्रदेश सरकारले जारी गरेको 'बजेट तर्जुमा निर्देशिका, २०८३' अनुसार मन्त्रालयले चैत १० भित्र सबै मन्त्रालय तथा निकायलाई बजेट सीमा र मार्गदर्शन पठाई सक्नुपर्ने व्यवस्था छ ।

वैशाख १० भित्र विषयगत मन्त्रालयहरूले आफ्नो बजेट प्रस्ताव आर्थिक मन्त्रालयमा बुझाई सक्नुपर्ने व्यवस्था छ । तर, सिलिङ प्राप्त नभएपछि मन्त्रालयहरू योजना छनोट, कार्यक्रम निर्धारण र बजेट प्रस्ताव तयार गर्न असहज र काम गर्न नसक्ने अवस्थामा पुगेका छन् ।

योजना मन्त्री प्रभात तामाङले मन्त्रालय र जिल्लास्थित कार्यालयहरूको पुनर्संरचना (मर्जर) प्रक्रियाका कारण बजेट सिलिङ पठाउन ढिलाइ भएको स्वीकार गरे । 'मन्त्रालयहरूको संख्या घटेको छ । जिल्लामा रहेका करिब ५० वटा कार्यालय पनि गाभ्ने अभ्यास भइरहेको छ,' उनले भने, 'नयाँ प्रशासनिक संगठन तथा व्यवस्थापन (ओएण्डएम) टुंग्याउन समय लागेकाले सिलिङ ढिलो भएको हो ।'

प्रदेश सरकारले हाल रहेका १४ मन्त्रालयलाई घटाएर आठमा सीमित गर्ने निर्णय गरिसकेको छ । सरकारले प्रशासनिक खर्च कटौती र कार्य सम्पादनलाई चुस्त बनाउन जिल्लास्थित कार्यालयहरुको संख्या घटाउने तयारी गरेको जनाएको छ ।

मन्त्री तामाङले भने, 'पूर्वाधार विकास कार्यालय र सहरी विकास कार्यालयलाई एउटै संरचनामा ल्याउने, कृषि विकास कार्यालय र पशुसेवा कार्यालयलाई एकीकृत गर्ने तथा उद्योग कार्यालयसँग पर्यटनसम्बन्धी कामलाई समायोजन गर्ने विषयमा छलफल भइरहेको छ ।'

प्रदेशका १३ जिल्लामा रहेका १५ डिभिजन वन कार्यालयलाई पुनर्संरचना गरेर 'एक जिल्ला, एक वन कार्यालय' अवधारणामा लैजाने तयारी भएको उनले बताए । त्यस्तै, विभिन्न बोर्ड, आयोग तथा निर्देशनालयलाई पनि खारेज वा कटौती गर्ने विषयमा अध्ययन भइरहेको छ । प्रशासनिक पुनर्संरचनामार्फत सार्वजनिक खर्च करिब ३० प्रतिशतसम्म घटाउने लक्ष्य राखिएको उनले बताए ।

'अनावश्यक संरचना हटाएर र कार्यालयहरू मर्ज गरेर सार्वजनिक खर्च घटाउने अभ्यास गरिरहेका छौं,' उनले भने, 'सरकार रिफर्ममा जाने भएपछि सबै संरचनाहरु नयाँ ढंगले पुनर्गठन हुन जानेछन् । कर्मचारीहरूको वृत्ति विकास नरोकिने गरी नयाँ 'ओएण्ड एम' तयार गरिनेछ । त्यसलगत्तै मन्त्रालयहरूले खर्च शीर्षकसहित सिलिङ पाउन केही दिना कुर्नुपर्ला उनले भने ।

## सय रुपैयाँ बढीको सामानमा भन्सार शुल्क लिन नपाउने



सन्देश संवाददाता

काठमाडौं/नेपाल-भारत सीमा नाकाबाट सर्वसाधारणले ल्याउने १०० रुपैयाँभन्दा माथिको वस्तुमा सरकारले लगाएको भन्सार करमा सर्वोच्च अदालतले तत्कालका लागि रोक लगाएको छ । सर्वोच्च अदालतले १०० रुपैयाँमाथिको दैनिक उपभोग्य वस्तुमा सरकारले उठाउन लागेको भन्सार शुल्क रोक्न अन्तरिम आदेश जारी गरेसँगै तत्कालका लागि यो काम रोकिएको हो ।


शुक्रबार सर्वोच्चका न्यायाधीशद्वय हरिप्रसाद फुयाल र टेकप्रसाद ढुंगानाको संयुक्त इजलासले दैनिक उपभोग्य वस्तुमा भन्सार शुल्क नउठाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्थ मन्त्रालयसहितका निकायलाई अघिल्लो निर्णयको कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको छ ।

यसअघि अर्थमन्त्रालयले १०० रुपैयाँ मूल्यमाथिका वस्तुमा भन्सार कर अनिवार्य गर्ने निर्णय गरेको थियो । जसअनुसार तराई-मधेश क्षेत्रका सीमानाकामा कडाइ हुन थालेको थियो। जसको विरोधमा स्थानीयवासी आक्रोशित छन् ।

अर्थमन्त्रालयको सोही कडाइविरुद्ध अधिवक्ताहरू अमितेश पण्डित, आकाश महतो, सुयोग्य सिंह र प्रशान्त विक्रम शाहले वैशाख १४ सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । उनीहरूले रिट निवेदनमा नेपाल-भारत सीमा नाकाबाट १०० रुपैयाँभन्दा बढी मूल्यको दैनिक उपभोग्य सामान ल्याउने कार्य प्रावधानविपरीत रहेको भन्दै तत्काल रोक्न अन्तरिम आदेशको पनि माग गरेका थिए ।

उनीहरुले यो केवल आर्थिकह हिसावले मात्र नभएर परम्परागत र दौत्य सम्बन्धका कारण अर्थ मन्त्रालयको सोही कडाइविरुद्ध अधिवक्ताहरू अमितेश पण्डित, आकाश महतो, सुयोग्य सिंह र प्रशान्त विक्रम शाहले वैशाख १४ सर्वोच्च अदालतमा रिट दायर गरेका थिए ।

## अनलाइनमार्फत ...




**सेवा प्रवाहलाई सहज, छरितो र पारदर्शी बनाउने उद्देश्यले अनलाइन प्रणालीमार्फत् जग्गाको नक्सा उपलब्ध गराउन थालेका हुन् ।**

**यस व्यवस्थाले सेवाग्राहीलाई कार्यालयसम्म धाउनुपर्ने झञ्झटबाट मुक्त गरेको छ । इन्टरनेटको पहुँच भएको जुनसुकै स्थानबाट आवश्यक विवरण भरेर सजिलै आफ्नो जग्गाको नक्सा हेर्न, डाउनलोड गर्न तथा प्रिन्ट गर्न सकिने व्यवस्था मिलाइएको नापी कार्यालय भोजपुरका प्रमुख सागर गिरीले जानकारी दिए ।**

**गत साउन महिनाबाट 'मेरो कित्ता' नामको वेव साइटमार्फत् घर बाट नै नक्सा लिने व्यवस्था सञ्चालन आएको उनले जानकारी दिए । यो सेवाले विशेषगरी दुर्गम तथा ग्रामीण भेगका नागरिकका लागि यो सेवा निकै उपयोगी रहेको उनको भनाइ छ। 'नापी कार्यालयबाट हुने सेवालाई प्रविधिमैत्री बनाएका छौँ" प्रमुख गिरीले भने, 'नक्सा लिन अहिले कार्यालयसम्म आउनु पर्दैन । अनलाइनबाट नै सेवा लिन सकिन्छ।"**

**उनका अनुसार अनलाइन प्रणालीमार्फत् सेवा उपलब्ध गराउंदा समय, खर्च र जनशक्ति बचत हुनुका साथै सेवा प्रवाहमा पारदर्शिता र विश्वसनीयता बढेको छ। सेवाग्राहीले अब लामो लाइन बस्नुपर्ने, बिचौलियाको सहारा लिनुपर्ने तथा अनावश्यक खर्च बेहोर्नुपर्ने अवस्था अन्त्य भएको उनको भनाइ छ ।**

**प्रणालीमार्फत् जग्गाको नक्सा लिनका लागि सेवाग्राहीले जिल्ला, स्थानीय तह, वडा नम्बर, कित्ता नम्बर लगायत आवश्यक विवरण प्रविष्ट गर्नुपर्ने हुन्छ। सो विवरणका आधारमा सम्बन्धित नक्सा तुरुन्तै प्रणालीमा देखिने र डाउनलोड गर्न मिल्ने व्यवस्था गरिएको छ । डिजिटल माध्यमबाट सेवा विस्तार गरिंदै जांदा सरकारी कार्यालयमा हुने भीडभाड घट्नुका साथै कर्मचा-रीको कार्यदक्षता पनि बढ्ने देखिएको छ।**

**स्थानीयस्तरमा पनि यस सेवाप्रति चासो बढ्दै गएको छ । प्रविधिको प्रयोगमा अभ्यस्त हुँदै गएका युवा पुस्ताले यो सेवाबाट प्रत्यक्ष लाभ लिइरहेका छन् । अन्य नागरिकलाई अनलाइन प्रणाली प्रयोग बारे जानकारी गराउनेकार्य भइरहेको कार्यालयले जनाएको छ ।**

## किसानलाई कृषि विभागको आग्रह बाली खेतमा नछाड्नू



सन्देश संवाददाता


कृषि विभागले केही दिनदेखि मौसममा आएको फेरबदलका कारण भण्डारण गरिएका अनाज तथा खेती गरिएका बाली संरक्षणका लागि किसानलाई सतर्कता अपनाउन आग्रह गरेको छ । विभागले मनसुन अगावै हालसम्म देशका अधिकांश ठाउँमा सरदरभन्दा बढी पानी परेकाले भण्डारण गरी राखिएका अन्न बाली, दाल बालीमा चिस्यानको समस्या आउने भएकाले किसानलाई उत्पादित वस्तुमा क्षति न्यूनीकरण गर्न सावधानी अपनाउन आग्रह गरेको हो ।

भण्डारण गरिएका खाद्य वस्तुको नियमित अनुगमन गर्न तथा बालीलाई खेतमा नछाड्न किसानलाई सूचित गरेको विभागले आगामी साता मध्याह्नपछि हावाहुरी, चट्याङ तथा असिना पर्ने सिजन भएकाले टिपेर बजार लैजानुपर्ने फलफूल एवं तरकारी बालीहरू बिहान शीत ओभाएपछि टिप्न भनेको छ । किसानलाई कृषि उत्पादनमा प्राविधिक सुझाव, उत्पादन वृद्धि, बाली संरक्षण, बजारीकरण आवश्यक सल्लाह उपलब्ध गराएर सम्भावित जोखिमबाट संरक्षण तथा क्षति न्यूनीकरण गर्न विभागले काम गर्दै आएको महानिर्देशक प्रकाशकुमार सञ्जेलले जानकारी दिए।

विकास मन्त्रालयअन्तर्गत कृषि सूचना केन्द्रले मौसमअनुसार हावापानी, प्रकोप तथा प्राविधिक सल्लाह किसानलाई सूचनामार्फत् उपलब्ध गराउँदै आएको छ। केन्द्रका अधिकृत सन्जीव पण्डितले भण्डारणमा कीराबाट जोगाउन भकारीको माथिल्लो भागमा चार-पाँच इञ्च जति छहारीमा सुकाएको सुकिलो नीम, बकाइनो र तितेपातीजस्ता बिरुवाको पात प्रयोग गर्न सुझाव दिएका छन् ।

केन्द्रले आलुको पुतली (जोताहा कीरा) ले सामान्यतया भण्डारणमा असर गर्ने भएकाले आलु खन्ने समयमा लामो समय सम्म खेतबारीमा थुपारेर राख्दा उक्त थुप्रोमा पुतलीले फुल पार्ने नोक्सान गर्ने जनाएको छ । केन्द्रले आलु खन्ने समयमा ध्यान पुऱ्याउन तथा सुरक्षित भण्डारण गरेर क्षति न्यूनीकरण गर्न सुझाव दिएको छ ।

## कांग्रेसले बोलायो जेन-जीलाई



काठमाडौं/प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले संविधान संशोधनका लागि जेन-जी प्रतिनिधिहरूसँग छलफल गर्ने भएको छ ।

कांग्रेसले आइतबार दिउँसो २ बजे केन्द्रीय कार्यालय सानेपामा आवश्यक छलफलका लागि जेन-जी प्रतिनिधिहरूलाई बोलाएको छ ।

कांग्रेसको संविधान संशोधन अध्ययन तथा सुझाव पेस गर्न गठित समितिले जेन-जी अगुवाहरूसँग रायसुझाव संकलन गर्न भन्दै छलफलमा बोलाएको हो । छलफलका लागि १८ जना जेन-जी अगुवालाई पत्र पठाइएको कांग्रेसले जनाएको छ। जेन-जी अगुवासँगको छलफलमा सभापति गगन थापा, संविधानविद तेजमान श्रेष्ठ, प्राडा. कृष्ण खनाललगायत सभागी हुने कांग्रेसले जनाएको छ ।

यसअघि संविधान संशोधनका लागि बहसपत्र तयार गर्न गठित कार्यदलले पनि जेन-जी प्रतिनिधिलाई छलफलमा बोलाएको थियो । उनीहरूले आफूहरूसँग विगतमा भएको सम्झौता कार्यान्वयन नभएको र सरकार एकलौटी तथा अपारदर्शी ढंगले अघि बढेको भन्दै छलफल बहिष्कार गरेका थिए ।

बिहीबार र शुक्रबार भएको आन्तरिक छलफलपछि सरकारले आफ्ना केही माग सम्बोधन नगरेसम्म कुनै पनि सरकारी छलफलमा सहभागी नहुने अडान उनीहरूले लिएका हुन् ।

## विद्युत प्राधिकरण, खानेपानी बोर्डसहित ८० निकायको बक्यौता ४ खर्ब नाघ्या



काठमाडौं/महालेखापरीक्षकको ६३ औं वार्षिक प्रतिवेदनले नेपाल सरकारको ऋण लगानीको भाखा नाघेको साँवा ब्याज नतिर्ने ८० वटा सरकारी निकाय रहेको देखाएको छ । यी निकायमध्ये नेपाल विद्युत प्राधिकरण, काठमाडौं उपत्यका खानेपानी बोर्ड र साना किसान विकास लघुवित्तलगायतका शीर्ष १० निकायसँग मात्रै कुल बक्यौताको ९५ प्रतिशत हिस्सा रहेको छ। अर्थात् ८० निकायको बक्यौतामध्ये झन्डै सबै र कम यी १० वटाकै थैलीमा थन्किएको छ ।

नेपाल सरकारको कुल ऋण लगानी रु.५ खर्ब २६ अर्ब ६ करोड ६३ लाख रहेकोमा उठाउन बाँकी भाखा नाघेको ऋणको साँवा गत वर्षको तुलनामा अचाक्ली २६२.८२ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ५९ अर्ब १९ करोड ९७ लाख पुगेको छ । यो रकम कुल ऋण लगानीको ४९.२७ प्रतिशत हो, अर्थात् सरकारले लगानी गरेको रकमको आधाभन्दा बढी फिर्ता आउन सकेको छैन। यी निकायको साँवा ब्याज समेत जोड्दा नेपाल सरकारले सार्वजनिक संस्थान, समिति, बोर्ड, कोष र स्थानीय तहमा गरेको ऋण लगानीको भाखा नाघेको साँवा ब्याजको कुल रकम रु.४ खर्ब ८ अर्ब २१ करोड पुगेको छ ।

प्रतिवेदनले औंल्याएको तथ्य के छ भने आर्थिक सर्वेक्षण २०८१।८२ अनुसार मुनाफा आर्जन गरिरहेका यी संस्थाहरूले समेत बक्यौता राखेका छन् । नेपाल विद्युत प्राधिकरण र काठमाडौं उपत्यका खानेपानी बोर्ड जस्ता संस्थाहरू सरकारी सेवा दिँदै नागरिकसँग नियमित शुल्क उठाइरहेका छन्, तर सरकारलाई तिर्नुपर्ने साँवा ब्याज भने वर्षौंदेखि थुपारेर राखेका छन् ।

नेपाल विद्युत प्राधिकरणको सन्दर्भमा यही प्रतिवेदनको अर्को भागमा प्राधिकरणले नेपाल सरकारको स्वीकृतिबिनै ३५ वटा निकायमा रु.५६ अर्ब ८ करोड ६० लाख बराबरको सेयर लगानी गरेको र सहायक कम्पनीमा आफ्नै कार्यकारी निर्देशकलगायतका कर्मचारीलाई सञ्चालकको रूपमा राखेको पनि उल्लेख छ, जसले प्राधिकरणको वित्तीय अनुशासनमाथि थप प्रश्न उठाउँछ ।

महालेखापरीक्षकले यस अवस्थालाई गम्भीर रूपमा लिँदै त्यस्ता निकायबाट समयमै साँवा ब्याज असुल उपर गर्नुपर्ने सुझाव दिएका छन् । मुनाफा कमाउने संस्थाहरूले सरकारी ऋण नतिर्ने प्रवृत्तिले सरकारी वित्तमाथि अतिरिक्त भार पर्ने, अन्ततः त्यसको बोझ करदाता नागरिकमाथि पर्ने र यस्तो ढाँचाले सार्वजनिक संस्थाहरूमा वित्तीय जवाफदेहिता नहुने खतरा

*प्रमुख प्रशासकीय अधिकृत विवाद*

## कर्मचारी तीन महिनादेखि तलबविहीन




वीरगञ्ज/वीरगञ्ज महानगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत नियुक्ति विवाद लम्बिँदा कर्मचारीहरू तीन महिनादेखि तलबविहीन बनेका छन् । प्रशासनिक नेतृत्व रिक्त हुँदा महानगरको दैनिक सेवा प्रवाहदेखि विकास निर्माणका कामसमेत प्रभावित भएका छन् ।

महानगरका कर्मचारीहरूका अनुसार २०८२ फागुनयता तलब निकासा हुन सकेको छैन । महानगर कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा विभिन्न शाखामा कार्यरत कर्मचारीहरूले नियमितरूपमा काम गरिरहे पनि तलब नपाउँदा आर्थिक संकट झेल्नुपरेको बताएका छन् ।

संघीय सरकारले रेशमलाल कँडेललाई प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाउने निर्णय गरे पनि उनी हालसम्म कार्यालयमा हाजिर नभएको जनाइएको छ । यसअघि निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सम्हाल्दै आएका अरविन्दलाल कर्णको अधिकार कटौती भएपछि आर्थिक तथा प्रशासनिक प्रक्रिया प्रभावित बनेको कर्मचारीहरूको भनाइ छ ।

तलब नपाउँदा घरखर्च चलाउन, बालबालिकाको विद्यालय शुल्क तिर्न तथा दैनिक आवश्यकता पूरा गर्न समस्या भएको कर्मचारीहरूले बताएका छन् । यता विकास योजनामा संलग्न निर्माण व्यवसायीहरूले पनि भुक्तानी रोकिँदा पूर्वाधार निर्माणका काम सुस्त बनेको बताएका छन् ।

महानगर प्रमुख राजेशमान सिंहले संघीय सरकारले स्थानीय तहसँग समन्वय नगरी निर्णय थोपर्ने प्रवृत्ति दोहोरिएको आरोप लगाएका छन् । उनले मन्त्रालयसँग पुनर्विचारका लागि पत्राचार गरिए पनि समस्याको समाधान ननिस्किएको बताए ।

**आकर्षक घडेरी बिक्रीमा**

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ। ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला । आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ ।

**सम्पर्क नम्बर : ९८४५१२३३६६**

**ब्लु हेवन टेलर्स सरेको सूचना**

**हेटौंडाको पुरानो लोकप्रिय ब्लु हेवन टेलर्स सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको शाक्य प्लाजा मा सरेको जानकारी गराउंदछौं ।**

सदाभै यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं ।




प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६. ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने